# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षाले खाली मस्तिष्कलाई ज्ञान सीप गुण व्यवहार क्षमता, दक्षता र चेतना प्रदान गरी मानवलाई पूर्ण बनाउने मात्रै होइन देशको समानुपातिक तथा चौतर्फी विकासका लागि पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले शिक्षालाई विकासको प्रमुख पूर्वाधार र  सशक्त हतियार पनि मानिन्छ । शिक्षाको उत्पति एवम् विकासक्रम बारे भन्नुपर्दा यो प्राचिनकाल, मध्यकाल र आधुनिक वा पृथक रुपमा आफ्नो विशिष्टता कायम गर्दै आएको पाइन्छ ।

सिंह, नागेश्वर (२०६६), का अनुसार प्राचिन कालमा समाज निकै सरल भएकाले तत्कालिन आवश्यकताहरु पनि सिमित थिए । त्यस्ता सिमित भौतिक आवश्यकताहरु सजिलै ढंगले पूरा गर्न सकिन्थ्यो तर मानव विकासको क्रममा समाजका अनुभवहरु संगठित हुदै गए र आवश्यकताहरु पनि सोहि अनुसार बढ्दै गए । पूनश्च : शिक्षाबाट मात्र उक्त आवश्यकताहरुको परिपूर्ति हुने कुरा बुझिएकोले शिक्षाको विकासमा पनि द्रुत गति लिन पुग्यो ।

शिक्षालाई ज्ञान आर्जन गर्ने माध्यमका रुपबाट सुरु गरेको पाइन्छ । ज्ञान आर्जन गर्नुलाई विभिन्न युगमा विभिन्न रुपबाट लिएको पाइन्छ । उदाहरणका लाीग ढुङ्गे युगमा खाना प्राप्त गर्ने कलामात्र ज्ञान आर्जन थियो । प्राचिन युगमा मोक्ष प्राप्ती थियो भने मध्यकालमा धार्मिक आस्थाको तीव्र विकास भयो भने भौतिक विज्ञानको पनि सुरुवात भयो । त्यसैगरी आधुनिक युगमा शिक्षालाई अन्तरनिहित प्रतिभाको विकास गर्न र मानविय आवश्यकताहरु पूर्ति गर्ने जीवनपर्यन्त प्रक्रियाका रुपमा शिक्षालाई लिइएको छ (शर्मा एण्ड शर्मा, २०६६) ।

देशको समानुपातिक तथा व्यक्तिको चौतर्फि विकासका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसमा पनि व्यक्तिको सामाजिक पक्षको विकास प्रमुख छ । व्यक्तिको सामाजिक विकास नभइ जति सुकै क्षमता सीप खुबी भए तापनि त्यो सबै फिका हुन्छ ।

सामाजिक विकासका लागि नेपालमा वि.सं. १९१० सालको एस.एल.सी. माध्यमिक शिक्षा परिक्षा (एस.इ.इ.) पाठ्यक्रममा समावेश गरिएको भूगोल इतिहास जस्ता सामाजिक विज्ञानका विषयहरुको रुपमा भएपनि वि.सं. २०११ सालमा नेपाल राष्ट्रिय शिक्षा आयोगले पाठ्यक्रमको ढाचाँ सिफारिस गर्ने क्रममा सामाजिक शिक्षा विषयलाई समावेश गरेको थियो । पछि आएर राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ बाट आधारभूत तहमा (१-८) मा जम्मा १०० पूर्णाङ्कको समाजिक शिक्षा

र माध्यमिक तह (८-१०) मा भूगोल, इतिहास गरी १०० पूर्णाङ्क र पञ्चायत गरी ५० पूर्णाङ्कलाई अनिवार्य विषय बनाई लागु गरियो ( शर्मा एण्ड शर्मा, २०७१) ।

नेपालमा हाल सामाजिक अध्ययन विषय प्राथमिक तह देखि उच्च शिक्षासम्म अध्यापन हुादै आइरहेको छ । विद्यालय तहमा कक्षा १-१० सम्म सामाजिक अध्ययनले आफ्नो स्थान सुरक्षित गरेको छ । उच्च शिक्षा तर्फ काठमाण्डौ विश्वविद्यालय र नेपाल संस्कृत विश्वविद्यालयले यस विषयमा शिक्षा शास्त्रमा स्नातक कार्यक्रम सञ्चालन गरिएको छ ।

त्यसैगरी विद्यालयस्तरमा सामाजिक अध्ययन विषयलाई प्रभावकारी रुपमा शिक्षण गर्नका लागि शिक्षकहरुलाई आवश्यक ज्ञान तथा सिप प्रदान गर्न शैक्षिक जनशक्ति विकास केन्द्रले प्राथमिक तह देखि माध्यमिक तह सम्म सक्षमतामा आधारित सामाजिक अध्ययन शिक्षण विषयका लागि १० महिने तालिम पनि सञ्चालन गर्दै आएको अवस्था छ ( शर्मा एण्ड शर्मा, २०७१) ।

यसैगरी समाजमा सक्षम एवम् कुशल नागरिक भएर जीवनयापन गर्न उसले सामाजिक रितिरिवाज चालचलन मूल्य र मान्यता सिक्नुपर्दछ । यसका लागि बाल्यावस्था देखिनै बालबालिकाले सामाजिक व्यवहारहरु

अवलम्बन गर्न आवश्यक हुन्छ । आजका बालबालिका भोलिका अवसरहरुको सदुपयोग गर्न र आउने चुनौतीहरु सामना गर्न सक्षम बन्नका लागि मानव र समाजको सम्बन्ध र त्यसको सहि उपयोगका आधारभूत ज्ञान सीप र अभिवृद्धि प्रदान गर्न आधारभूत तहदेखि नै सामाजिक विषय राखिएकोले सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको अवस्था, प्रभाव पार्ने तत्वहरु हेर्नु सान्दर्भिक छ (अधिकारी, विष्णुप्रसाद (२०६९) ।

नेपालमा औपचारिक सामाजिक अध्ययनको इतिहास हेर्दा अनौपचारिक रुपमा प्राचिन कालमा सामाजिक विषयवस्तु मठ् मन्दिर, गुम्बामा गुरुले शिष्यलाई पढाउने गरिन्थ्यो । बालबालिकालाई घरपरिवार र समुदायमा शिक्षा दिने गरिन्थ्यो । मध्यकालमा विशेषगरी एकिकरणपछि शिक्षाको क्षेत्रमा केहि विकास भएको पाइन्छ । आधुनिक कालमा सामाजिक अध्ययनको शिक्षणलाई वि.सं. १९९० सालको ७०० पूर्णाङ्कको एस.एल.सी. मा सामाजिक अध्ययन छुट्टै विषय नभएता पनि सामाजिक विज्ञानका इतिहास र भूगोललाई समावेश गरेका र २००७ सालको लोकतान्त्रिक व्यवस्था पछि वि.सं. २००९ सालमा शिक्षा समिती गठन गरियो र सिफारिस अनुसार वि.सं. २०११ सालमा रुद्रराज पाण्डेका अध्यक्षतामा नेपाल राष्ट्रिय शिक्षा आयोगले प्राथमिक तह

देखि माध्यमिक तहसम्म सामाजिक अध्ययन विषयलाई समावेश गर्न सिफारिस गरेको थियो । जसको फलस्वरुप पहिलोपटक कलेजअफ एजुकेशन अन्तर्गत ल्याबोरेटरी स्कुलमा वि.सं. २०१३ सालमा सामाजिक अध्ययनको शिक्षण सुरु गरियो (ढकाल, केशवराज (२०६८) ।

राष्ट्रिय शिक्षा आयोग २०४९ ले सामाजिक अध्ययनलाई कक्षा १ देखि १० सम्म नै अनिवार्य विषयको रुपमा लागू गर्न सिफारिस गरेको थियो । त्यसलाई उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोग २०५५ को प्रतिवेदनले निरन्तरता दियो । त्यस्तै राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ र मिति २०६९/०५/०८ मा बसेको राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदको बैठकले सामाजिक अध्ययन विषयलाई कक्षा ९ र १० मा पनि अनिवार्य विषयको रुपमा रहने निर्णय गरे अनुसार यो विषयको साप्ताहिक पाठ्यभार ५८ पूर्णाङ्क १०० निर्धारण गरिएको छ (पाठ्यक्रम विकास केन्द्र, २०६३) ।

उपलब्धिको परिक्षणको इतिहास हेर्ने हो भने सन् १९०० मा शैक्षिक परिक्षा प्रणालीका पिता भनेर चिनिने थर्नडाइकले शिक्षा क्षेत्रमा लाग्नेहरुलाई मानिसमा आउने परिवर्तन अथवा मानिसको क्षमतामा आउने परिवर्तनलाई मापन गर्ने तर्फ प्रेरित गरिदिए । प्रथम विश्वयुद्धको समयसम्म धेरै विद्यालयमा विद्यार्थीहरुको उपलब्धि जाँच गर्ने कार्यको थालनी भयो । जसमा विभिन्न उद्देश्यले परिक्षण गर्ने कार्यको सरुवात गरियो । यसरी विकास हुादै आएको परिक्षणको हलचल सन् १९१८ सम्ममा शैक्षिक तथा मनोवैज्ञानिक निर्णय प्रक्रियामा उपयोग गर्न थालियो । प्रथम विश्वयुद्धहरुको समयमा सैनिक सेवामा साक्षरहरुको लागि अल्फा टेष्ट र निरक्षहरुको लागि विटा टेस्ट को विकास र प्रयोग सुरु भयो । प्रथम विश्वयुद्ध भन्दा अगाडि "गेरी इन्डीयन" नामक सार्वजनिक विद्यालय प्रणालीको मूल्याङ्कन गर्न गेरी इन्डियन प्लान नामक सार्वजनिक शैक्षिक आवश्यकता प्राप्ति गर्न योगदान दिएको थियो (खनाल, पेशल (२०६६) । प्राय : सबैजसो शैक्षिक उपलब्धिहरु परिक्षाहरु विद्यार्थीहरुले प्राप्त गरेको सूचनाहरुको मात्रा, सीपहरु वा विकसित प्रक्रियाहरुको मापनमा केन्द्रित छन् । तर वर्तमान समयमा उपलब्धि परिक्षामा विद्यार्थीको अभिवृत्ति, समस्या समाधान गर्ने क्षमता, विषयवस्तुमा अनुमान गर्ने क्षमता, कुनै खास अवस्था वा समस्यामा सामान्यिकरण गर्न सक्ने क्षमता आदिको प्रभाव समावेश गर्दै उपलब्धि परीक्षामा ती विषयवस्तुको मापनलाई पनि उपयोग गरिएको पाइन्छ । यसरी हेर्दा शैक्षिक उपलब्धि परिक्षाको क्षेत्र व्यापक बन्दै गएको स्पष्ट हुन्छ किनभने शैक्षिक उपलब्धि विभिन्न गुणहरु (रुची, उत्प्रेरणा, योग्यता, अभिवृत्ति, समस्या समाधान गर्ने गुण आदि) को मापनमा केन्द्रित भएको देखिन्छ (खनाल, पेशल (२०६६) ।

उपलब्धि परिक्षणहरु शिक्षा क्षेत्रमा प्रयोग गरिने परिक्षणहरु हुन् । यिनीहरुले कुनै पनि निर्धारित पाठ्यक्रम अन्तर्गत राखिएका उद्देश्यहरु पूरा गर्ने सिकाइको मात्रा, सिकाई उपलब्धि तथा उनिहरुद्वारा पूरा गरिएको कार्य उपलब्धिको लेखाजोखा गर्दछन् । वर्तमान समयमा परिक्षणको क्षेत्र अझै व्यापक भएको छ ।

(जवरा र थापा, २०६८) अनुसार परिक्षणहरुले विद्यार्थीद्वारा कुनै विषय क्षेत्रमा प्राप्त गरेको उपलब्धिको साथै उनीहरुको प्रविणता दक्षता, सीप, प्रवृत्ति आदि पनि मापन गर्दछन् । उपलब्धि परीक्षणहरु शैक्षिक कार्यक्रमको अभिन्न अंगको रुपमा रहेका हुन्छन् । शिक्षण सिकाइको कार्यक्रम मार्फत विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धिको लेखाजोखा उनीहरुबारे निर्णय लिने, भविष्यवाणी गर्ने छनौट गर्ने कार्यमा सहयोग गर्नुका साथै पाठ्यक्रम, शैक्षिक कार्यक्रम आदिको प्रभावकारीताको लेखाजोखा गर्नमा समेत सहयोग पुऱ्याउने कुरा बताएका छन् ।

यिनीहरुबाट प्राप्त जानकारीहरुलाई सुधारात्मक प्रयोजनमा पनि उपयोग गर्न सकिन्छ । यिनीहरुले विद्यार्थी र शिक्षक दुवैलाई शिक्षण सिकाइमा पृष्ठपोषण प्रदान गर्दछन् साथै पाठ्यक्रम, शैक्षिक कार्यक्रमको सुधारको लागि समेत उपलब्धि परिक्षणहरुले योगदान दिनुपर्दछ । त्यसैले यो अध्ययनमा माध्यमिक तहको सामाजिक अध्ययनको सिकाइ उपलब्धिको अवस्थाको खोजी गर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

नेपाल सरकारले देशमा शिक्षाको विकास गर्न धेरै लगानी गरेको छ । तथापी लगानी गरे अनुसार प्रतिफल प्राप्त हुन सकेको छैन भन्ने कुरा विभिन्न सञ्चारमाध्यम र अध्ययन प्रतिवेदनबाट र तथ्याङ्कहरु, पत्रपत्रिकाहरुबाट जानकारी भइरहेको सर्न्दभमा लगानी अनुसारको प्रतिफल प्राप्त हुन नसक्नु एउटा समस्या रहेको छ । यसरी लगानी अनुसार प्रतिफल उपलब्धि प्राप्त हुन नसक्नुमा कुनकुन पक्षले भूमिका खेलेका छन् भन्ने कुरा पत्ता लगाउन यो समस्या छनौट गरिएको हो । सिकाइ उपलब्धि वृद्धि गर्न कस्ता उपायहरु अपनाउन सकिन्छ भन्ने प्रश्नहरुको जवाफ खोजी गर्न यो अध्ययन केन्द्रित रहेको छ । यस अध्ययनले सिकाइ उपलब्धि लगानीको तुलनामा न्यून हुनुमा कुन कुन पक्ष निर्धारकको रुपमा रहेका छन् भन्ने कुरा अध्ययन गरेको छ ।

## १.३ अध्ययनको औचित्य

निर्धारित सिकाइ उपलब्धिहरु कति हदसम्म हासिल गर्न सकियो भन्नेकुराको लेखाजोखा गर्ने एउटै माध्यम परिक्षालाई नै लिने गरिएको छ । यसबाट विद्यार्थीहरुको सिकाइ उपलब्धि विश्लेषण गरी विद्यार्थीहरुको कक्षाको अनि विद्यालयको शैक्षिक स्तर मापन गर्न सजिलो हुन्छ । त्यसैगरी

शिक्षण प्रक्रिया मूल्याङ्कन प्रक्रिया पनि सबल र प्रभावकारी बनाउनुपर्ने विभिन्न अध्ययनले औल्याएकोले यो अध्ययनले केहि सहयोग पुऱ्याउन सक्ने आशा लिन सकिन्छ । साथै सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरुको पहिचान गरी सिकाइ उपलब्धिमा अभिवृद्धि गर्ने सहयोग पुऱ्याउने कारक तत्वहरु जानकारी सम्बन्धि पक्षलाई गराउनु अति आवश्यक छ ।

प्रभावकारी मूल्याङ्कन प्रक्रियाको अभावमा विद्यार्थीले प्राप्त गरेको शैक्षिक उपलब्धिहरुलाई सहजरुपमा व्यवस्थापन गर्न, अभिभावक तथा सरोकारवालाहरुलाई जानकारी गराउन सकिएको छैन । साथै सामाजिक अध्ययन विषयको ओखलढुंगा जिल्लाको सिकाइ उपलब्धिको अवस्था, प्रभाव पार्ने तत्वहरु र सिकाई उपलब्धि अभिवृद्धिहरुको लागि अपनाउनु पर्ने उपायहरुबारे यस अध्ययनले सम्बन्धित सरोकारवालाहरुलाई जानकारी दिलाउनेछ । त्यसैगरी ओखलढुंगा जिल्लाको चिशंखुगढी गा.पा.मा हालसम्म सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि विश्लेषण नगरिएकोले शैक्षिक उपलब्धिको अवस्थामा प्रभाव पार्ने तत्वहरु अनि सिकाइ उपलब्धि अभिवृद्धि गर्ने उपायहरुको जानकारीले सम्बन्धित क्षेत्रमा काम गर्ने व्यक्तिलाई, सरकारलाई, गैरसरकारी सघंसस्थालाई, नीति निर्मातालाई, शैक्षिक प्रशासकलाई, विद्यार्थीलाई,शिक्षकलाई, अभिभावकलाई सहयोग पुग्नेछ । सम्बन्धित क्षेत्रमा काम गर्ने व्यक्तिलाई आफ्नो कार्यविधिमा सुधार गर्न टेवा पुग्नेछ । सरकारलाई सम्बन्धित क्षेत्रमा लगानी बढाउन र सुधारका कदम चाल्न सहयोग पुग्न सक्ने देखिन्छ । त्यस्तै गैरसरकारी सघंसस्थांलाई जानकारी पुग्न गई कमजोर पक्षलाई सुधार गर्न विभिन्न कार्यक्रमहरु ल्याउन मदत पुग्ने देखिन्छ । नीति निर्माणको तहमा शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरु अनि सिकाई उपलब्धि अभिवृद्धि गर्ने उपायहरुको जानकारीले सुधारात्मक पक्षहरु विश्लेशण गरी कार्यान्वयन तहमा भन्दा निती निर्माणको तहमा नै सुधार गर्नका लागि सुझाव मिल्नेछ भने विद्यार्थीलाई पनि आफ्नो अध्ययनको क्रममा सुधारको लागि मार्गदर्शन मिल्नेछ । शिक्षकलाई आफ्नो शिक्षणमा भएका कमजोरी पत्ता लगाई सुधार गर्न सल्लाह मिल्नेछ र अभिभावकलाई आफ्ना नानीहरुको अध्ययनमा सुधार गर्न बहन गर्नुपर्ने जिम्मेवारीहरु जानकारी भई शैक्षिक सुधारका लागि चौतर्फी प्रयास गर्न मार्गदर्शन पुग्ने भएकोले अध्ययनको औचित्य रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

**यस अध्ययनका उद्देश्यहरु निम्नानुसार छन् :**

क) माध्यमिक शिक्षा परीक्षामा सामाजिक अध्ययनको शैक्षिक उपलब्धिको पहिचान गर्नु ।

ख) माध्यमिक शिक्षा परीक्षामा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु पत्ता लगाउनु ।

ग) माध्यमिक शिक्षा परीक्षामा शैक्षिक उपलब्धि स्तर अभिवृद्धि गर्ने उपायहरु बताउनु ।

## १.५ अध्ययनको परिसीमा

यस अध्ययनलाई उद्देश्यमूखी तथ्यपूर्ण र विश्वसनिय बनाउन साथै सीमित स्रोत साधन र समय समेतलाई ध्यान दिइ ओखलढुंगा जिल्ला चिशंखुगढी गा.पा.अर्न्तगत पर्ने ४ वटा सामुदायिक माध्यमिक विद्यालयहरुको माध्यमिक शिक्षापरीक्षामा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको स्तर, सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु, सिकाइ उपलब्धि अभिवृद्धि गर्ने उपायहरुको खोजिमा यस अध्ययन सिमित रहेको छ । यस अध्ययनले ४ ओटा विद्यालय , विद्यालयको प्र.अ. ४ जना, विषय शिक्षक ४ जना, वि. व्य. स. को अध्यक्ष ४ जना, अभिभावक ४ जना र विद्यार्थी ८ जना लाई मात्र उद्देश्यपुर्ण छनौट विधी र संभावनायुक्त विधि प्रयोग गरी छनौट गरिएको छ ।

## १.६ अनुसन्धान प्रश्न

कुनै पनि अनुसन्धानका उद्देश्य पूरा गर्न अनुसन्धानात्मक प्रश्नहरु निर्माण गर्नुपर्दछ । त्यसैले स्तरिय र उद्देश्य पूरा गर्ने अनुसन्धानात्मक प्रश्नहरु चयन गर्ने प्रयत्न गरिएको छ । यसका लागि अनुसन्धानात्मक प्रश्नहरु निम्नानुसार हुनेछन् ।

क) सामाजिक अध्ययन शिक्षण विधिहरु कुनकुन प्रयोग गरिएका छन् ?

ख) शिक्षकको तालिमको अवस्था कस्तो छ ?

ग) शिक्षण प्रक्रिया कस्तो अपनाइएको छ ?

घ) गृहकार्य, अभ्यास, क्षेत्रभ्रमण, को अवस्था कस्तो छ ?

ङ) शैक्षिक सामग्रीको प्रयोगको अवस्था कस्तो छ ?

च) मूल्याङ्कन प्रक्रिया कस्तो छ ?

छ) पाठ्योजनाको प्रयोगको अवस्था कस्तो छ ?

ज) विगतका सिकाइ उपलब्धिहरुको अवस्था कस्तो छ ?

झ) सिकाइ उपलब्धिमा अभिवृद्धि ल्याउन कुनकुन पक्षमा सुधार ल्याउनुपर्छ ?

ञ) कक्षाकोठाको भौतिक व्यवस्थापन कस्तो छ ?

ट) विद्यार्थी नियमितता कस्तो छ ?

ठ) पाठ्यपुस्तक कुन समयमा उपलब्ध भएका छन् ?

## परिच्छेद दुई :
## सम्बन्धित साहित्यको पूनरावलोकन र सैद्धान्तिक खाँका

अध्ययन अनुसन्धानको यस चरणमा अध्ययनको विषय सम्बन्धित पक्षमा त्यस भन्दा पहिले भए गरेका कार्यहरु वा निष्कर्षहरुलाई संक्षेपमा पुनरावलोकन उल्लेख गर्नुपर्दछ । यस कार्यले अध्ययनकर्तालाई आफ्नो अध्ययन क्षेत्रमा त्यस भन्दा अगाडि के भएको थियो ? के गरिएको थियो? के गर्न बाँकी छ ? भन्ने कुरा प्रष्ट हुन सहयोग गर्दछ साथै अध्ययन कार्यलाई अगाडि बढाउन प्रस्ट मार्गनिर्देशन गर्दछ । (खनाल, पेशल (२०६६ पृष्ठ ४९८)

### २.१ सम्बन्धित साहित्यको पूनरावलोकन

नेपालमा सामाजिक अध्ययन विषय प्राथमिक तहदेखि माध्यमिक तह सम्म अनिवार्य विषयको रुपमा पठनपाठन भइरहेको छ । सामाजिक अध्ययन सामाजिक परिवेशमा आधारित हुनाले यस विषयको निरन्तर अध्ययन, अनुसन्धान एवम् खोज कार्य भइरहनु आवश्यक छ । सामाजिक शिक्षा समाजको व्यवहारले प्रभाव पार्दछ र फेरि समाजको व्यवहारलाई सामाजिक शिक्षाले प्रभाव पार्दछ । यद्यपी यस विषयसँग सम्बन्धित अध्ययन अनुसन्धान कर्ताको पर्याप्त ध्यान जान नसकेको महसुस गर्न सकिन्छ । देशमा सामाजिक अध्ययन विषयमा भए गरेका अध्ययन अनुसन्धान लेख रचनालाई प्रस्तुत गर्ने प्रयत्न गरेको छु ।

घिमिरे, वस्ती र विश्वकर्मा बावुराम (२०७२) ले भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव शीर्षकमा गर्नुभएको अध्ययनको मुख्य उद्देश्य विद्यालयको भौतिक अवस्था पत्ता लगाउनु यसले सिकाइ उपलब्धिमा पार्ने प्रभाव विश्लेषण गर्ने भौतिक व्यवस्थापनका समस्याहरुको पहिचान गरी सुल्झाउनु थियो । ओखलढुंगा जिल्ला अन्तर्गत ५ ओटा विद्यालय छनौट गरी प्रत्येक विद्यालयबाट उद्देश्यमूलक नमूना छनोट विधिबाट १/१ जना प्र.अ., २/२ जना शिक्षक, २/२ जना विद्यार्थी, २/२ जना अभिभावकलाई छनौट गरी अवलोकन, अन्तरवार्ता, समूह छलफल, प्रश्नोत्तर, शैक्षिक अभिलेख आदिबाट सूचना, तथ्याङ्क जानकारीका आधारमा निष्कर्ष प्रस्तुत गर्नुभएको थियो ।

यस अनुसन्धानको मुख्य प्राप्तिमा तुलनात्मक रुपमा मा.वि. भन्दा आधारभूत विद्यालहरुमा भौतिक संरचना नै न्युन रहेको थियो । शैक्षिक वातावरणको सन्तुलनको लागि आवश्यक ठानिएका पक्षहरु जस्तै कक्षाकोठा, शौचालय, विद्युत, कार्यालय कक्ष, खानेपानी, फर्निचर समेत पर्याप्त मात्रामा नरहेकोले आधारभूत तथा विद्यालयहरुमा भौतिक व्यवस्थापनमा कठिनाई रहेको पाइयो ।

भौतिक व्यवस्थापन राम्रो भएका विद्यालयहरुको विद्यार्थी सिकाइ उपलब्धि राम्रो रहेको र भौतिक व्यवस्थापन पक्ष राम्रो नभएका विद्यालयहरुमा विभिन्न समस्या, अवरोध सिकाइ क्रियाकलापमा आएको कारणले सिकाइ उपलब्धि पनि न्यून रहेकोले सिकाइ उपलब्धि अभिवृद्धि गर्नका लागि भौतिक व्यवस्थापनमा रहेका विभिन्न चुनौतिहरु भित्र साना साना सम्भावनाहरु खोज्दै विद्यालयको भौतिक पक्षलाई सबल व्यवस्थित बनाउनुपर्ने सुझाव पेश गर्नुभएको थियो (घिमिरे, वस्ती र विश्वकर्मा बाबुराम (२०७२) ।

विष्ट प्रेमसिंह (२०६५) ले मा.वि. तहको सामाजिक अध्ययन विषयको वर्तमान पाठ्यक्रम र पाठ्यपुस्तक विचको अन्तरसम्बन्ध विश्लेषण शीर्षकमा गर्नुभएको अध्ययनको मुख्य उद्देश्य सामाजिक अध्ययन विषयको पाठ्यक्रमले तोकेको विषयवस्तुहरुको पर्याप्त विश्लेषण, विषयवस्तुको उपयुक्तताको लेखाजोखा गर्ने पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य र विषयवस्तुको व्यवहारिक एवम् समय सापेक्षता पत्ता लगाउने तथा पाठ्यक्रम र पाठ्यपुस्तक विचको सहसम्बन्ध अध्ययन गर्ने थियो । सूदुरपश्चिमाञ्चल स्थित कञ्चनपूर जिल्ला , अन्तर्गत सञ्चालित १२ ओटा सरकारी विद्यालयहरुमध्ये ५० प्रतिशत विद्यालय छनौट गरी प्रत्येक विद्यालयबाट ४/४ जनाको दरले २४ जना विद्यार्थी र १/१ जना विषय शिक्षक गरी ६ जनाको छनौट गरी लक्षित समूह र जानकारी लिने कार्य गरी वर्णनात्मक तथा व्याख्यात्मक गुणात्मक विधिका आधारमा निष्कर्ष र सुझाव प्रस्तुत गर्नु भएको थियो ।

अध्ययनबाट प्राप्त भएका सम्पूर्ण तथ्याङ्कहरुको विश्लेषण बाट सामाजिक अध्ययन विषय मा.वि. तहमा राखिनुपर्ने सान्दर्भिक र उपयुक्त देखिएको छ । पाठ्यक्रम अनुसार र पाठ्यपुस्तकका विषय पुस्तकका विषयवस्तुको चयनमा कमि भएको विषय वस्तुको संगठन पनि राम्रो रहेको साथै विद्यार्थीको विविध समसामयिक र व्यवहारिक ज्ञान दिने हुनाले समय सापेक्ष नै रहेको पाइएको छ । यस अध्ययनले केहि सुझावहरु पनि पेश गरेको छ । जसमा समय सापेक्ष रुपमा पाठ्यक्रम निर्माण र परिमार्जन गरी पाठ्यपुस्तक तयार गरिनुपर्ने विषयवस्तुलाई पर्याप्तता दिने सवालमा सम्बन्धित सधैं सरोकारवालाहरुको सल्लाह सुझाव र सहयोग लिनपर्ने अभ्यास र क्रियाकलापहरु विद्यार्थीको शैक्षिक स्तर रुचि बमोजिमको राखिनुपर्ने पाठ्यक्रमको निर्माण र पाठ्यपुस्तक तयार गर्दा सम्बद्ध पक्षहरुले समग्र रुपमा देशको राजनितिक विकासक्रम, भौतिक अवस्था महत्वपूर्ण पक्षहरुमा आधारित हुनुपर्ने देखिन्छ । विषयवस्तुलाई प्रष्ट रुपले सिमाङ्कन गरिएको हुनुपर्ने तथा विद्यालयमा पर्याप्त

मात्रामा शैक्षिक सामग्रीको व्यवस्था गरिनुपर्ने जस्ता सुझावहरु उहाले सो अध्ययनमा पेश गर्नुभएको थियो (विष्ट, प्रेमसिंह (२०६५) ।

खनाल, पेशल (२०७०) ले प्राथमिक तहमा सामाजिक पाठ्यक्रमको मूल्याङ्कन शीर्षकमा गर्नुभएको अध्ययनको उद्देश्य कक्षा ५ को सामाजिक विषयमा समावेश गरिएका विषयवस्तुहरुको लेखाजोखा गर्नु, सामाजिक विषयको शिक्षण विधि प्रक्रियाको पहिचान गर्नु, सामाजिक शिक्षा पाठ्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु पत्ता लगाउनु थियो । धरान अर्तरगत ४ ओटा विद्यालयको शैक्षिक अवस्था कक्षागत अवस्था र भौगोलिक अवस्था अध्ययन गरेर तथ्याङ्क संकलन गरिएको थियो । जसमा त्यस केन्द्रका केन्द्रका ४ ओटा विद्यालयका प्र.अ. शिक्षक, स्रोत व्यक्तिबाट उद्देश्यमूलक नमूना छनौट गरी र सम्भावना युक्त नमुना छनौट विधिबाट विद्यार्थीको छनौट गरी अन्तरवार्ता सूची प्रश्नावलीको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको थियो ।

उक्त अध्ययनमा कक्षा ५ को सामाजिक विषयमा केहि थप विषयवस्तुहरु राखिनुपर्ने अवस्था रहेको प्रत्येक स्कुलमा शिक्षक निर्देशिका र पाठ्यक्रमको व्यवस्था पाठ्यक्रम विकास केन्द्रले गरे पनि शिक्षकहरुले त्यसको प्रयोग सन्तोषजनक रुपमा नगरेको पाठ्यपुस्तक भित्रका चित्र स्पष्ट र रङ्गिन नभएको हुदा विद्यार्थीमा विषयवस्तु प्रति खासै आकर्षण नभएको विषय शिक्षक, प्र.अ. र विद्यार्थीले बताए अनुसार उपयुक्त शिक्षण विधि अपनाएको तर कुनै-कुनै विधिहरुको प्रयोगको अवस्था भने शून्य रहेको थियो । त्यसैगरी उपयुक्त शिक्षण विधि प्रयोगबाट राम्रो शैक्षिक उपलब्धि प्राप्त भएको त्यसमा सबैभन्दा बढी धरान पब्लिक उ.मा.वि. को रहेको र सबैभन्दा कम श्री चन्द्र संस्कृत उ.मा.वि.को रहेको थियो । विद्यार्थीहरुमा गरिएको प्रश्नावलीका माध्यमबाट सबैभन्दा बढी रुचि खेल विधि रहेको थियो । त्यसैगरी सामाजिक विषयलाई प्रभावकारी बनाउन उपायहरुको सन्दर्भमा गरिएको प्रश्नावलीमा प्र.अ. १ जना, शिक्षक १ जना विद्यार्थी ८ जना गरी जम्मा १० जनाले रङ्गीन चित्र र नक्सा विषयवस्तुभित्र राखिनुपर्ने बताएको थियो । सामाजिक विषय प्रयोगात्मक विषय भएको हुदाँ यस विषयका शैक्षिक सामग्रीहरुको उचित व्यवस्थापनका लागि प्रयोगशालाको कक्षको कमि रहेको विद्यार्थीहरुको मूल्याङ्कन गर्ने आधार भने बार्षिक परिक्षा नै रहेको र विषय शिक्षकद्वारा सामाजिक विषय शिक्षण नभएको प्राप्ति थियो(खनाल,२०७०) ।

निरौला पाण्डे (२०७१) ले सुनसरी जिल्लाको उत्तरी भेगतर्फ पर्ने बराहमा अवस्थित २४ ओटा विद्यालयहरुमध्ये ४ ओटा माध्यमिक विद्यालयलाई प्रवेशिका परीक्षामा सामाजिक विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरुमा सिमित पार्नुभएको अध्ययनको मुख्य उद्देश्य माध्यमिक

शिक्षा परिक्षामा सामाजिक अध्ययनमा शिक्षा विषयमा रहेको औषत शैक्षिक उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरुको पहिचान गर्नु र माध्यमिक शिक्षा परिक्षामा सिकाइ उपलब्धि स्तर वृद्धि गर्ने उपायहरुको खोजी गर्नु थियो । उहाको अध्ययनबाट माध्यमिक शिक्षा परिक्षामा सामाजिक विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरुमा विद्यालयको भौतिक पक्ष, विद्यालयको प्रशासनिक पक्ष, शिक्षक, विद्यार्थीको नियमितता निरीक्षण तथा अनुगमन शैक्षिक सामग्री, आर्थिक पक्ष, टिभी घरमा उपलब्ध शैक्षिक सामग्री रहेका छन् ।

उक्त अध्ययनको प्राप्तिमा सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु र विद्यालयहरु बीचमा प्रत्यक्ष सम्बन्ध रहने हुनाले विद्यार्थीहरुको मनोवैज्ञानिक पक्षमा समेत प्रभाव परेको पाइएको थियो । माध्यमिक शिक्षा परीक्षामा सामाजिक अध्ययनको वि.सं. २०६८ साल र वि.सं. २०६९ सालको उपलब्धि बीचको तुलना गरी हेर्दा सार्वजनिक विद्यालयले राखेको ४० प्रतिशत औषत उपलब्धि पनि अध्ययनमा समावेश विद्यालयहरुले प्राप्त गर्न नसकेको निष्कर्ष रहेको थियो । त्यसैले विद्यालयको सिकाइ उपलब्धिलाई प्रभावकारी र फलदायी बनाउनका लागि शैक्षिक पक्ष, प्रशासनिक निरीक्षण र अनुगमनलाई चुस्त र दुरुस्त राख्नुपर्नेछ । विद्यालयमा २२० दिन भन्दा बढी समय विद्यालयमा पढाइ सञ्चालन गर्नुपर्ने साथै विषय शिक्षकहरुले नियमित गृहकार्य परीक्षण र पृष्ठपोषण प्रदान गरी सिकाइ उपलब्धिको स्तरमाथि उठाउनुपर्ने र शिक्षकहरुले शिक्षण सिकाइ क्रियाकलापमा दैनिक पाठयोजना निर्माण गरी निरिक्षण गर्नु पर्ने आवश्यक रहेको औंल्याएका छन् (निरौला, पाण्डे (२०७१) ।

भट्टराई उत्तमराज (२०६८) ले तयार पार्नु भएको पुस्तक शैक्षिक मनोविज्ञान मा सिकाइ उपलब्धिमा अभ्यास, पुरस्कार, दण्डले सिकाइमा भूमिका खेल्ने कुरा स्पष्ट पारिएको छ । वास्तवमा सिकाइमा अभ्यासको महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले त "अभ्यासले मानिसलाई पूर्ण बनाउछ ।" भन्ने कथन हामी सँग रहेको छ । विगतका कुराहरु स्मरण गर्न, सिकेका कुरालाई स्थायी बनाउन, त्यसमा गुणात्मक इच्छित परिवर्तन ल्याएर सिकाइ उपलब्धि वृद्धि गर्न सहयोग गर्दछ ।

पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित कक्षा १० को (शिक्षा, २०७३) मा शैक्षिक क्रियाकलापलाई उद्देश्यमुखी, लाभदायी, तथा सफल बनाउनका लागि शैक्षिक सामग्रीको प्रयोग गरिन्छ । सिकाइको क्रममा प्रसिद्ध शिक्षाविद कोबुनले मानिसले देखेर ८३ प्रतिशत सिक्न सक्छ । त्यसैले सिकाइलाई प्रभावकारी वनाउन सिकाइ उपलब्धिमूलक वनाउन शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्दछ । त्यस्तै शिक्षाविद कोबुनले मानिसले आफैले प्रयोग गरेर ९०% सिक्ने हुनाले प्रयोगात्मक शिक्षण गर्नुपर्ने बताएका छन् । यसरी सिकाइ उपलब्धिको सम्बन्ध सामग्री र प्रविधिसँग रहेको वताएका छन् (पाठ्यक्रम विकास केन्द्र, २०७३) ।

## २.२ सैद्धान्तिक साहित्य

यस अध्ययनबाट उपलब्ध तथ्य एवम् तथ्याङ्कहरुलाई विश्लेषण गर्न विभिन्न विद्वानहरुले दिएको सैद्धान्तिक खाकालाई प्रयोग गर्नुपर्दछ । विभिन्न विद्वानहरुले आ-आफ्नो विषयमा दिएका अभिमतहरुलाई यस अध्ययनको मूल आधार अथवा कसीको रुपमा लिइनेछ ।

क) सि.आइ. पि.पि. नमूना कार्यक्रम मूल्याङ्कन विधिहरुमध्ये व्यवस्थापन उन्मुख मुल्याङ्कन विधि सि. आई. पि.पि. नमुना स्टफलबिमको नमूना हो । सन १९६० र १९७० को समयमा उनिहरुले मूल्याङ्कनलाई पशासकिय अध्ययन र शैक्षिक निर्णय प्रक्रियासँग सम्बन्धित गर्दे मूल्याङ्कन व्यवस्थित गर्ने कार्य गरे । यस नमुना अनुसार मूल्याङकनकर्ताको प्रमुख कार्य शैक्षिक निर्णयकर्ताहरुलाई वैकल्पिक निर्णयहरुको लेखाजोखा गर्न आवश्यक पर्ने सूचनाहरु प्रदान गर्नु हो भन्नेकुरा यस नमुनाले प्रष्ट पारेको छ । यस नमुनाले मूल्याङ्कनको सफलता निणयकर्ताहरु र मूल्याङ्कनकर्ताहरु वीचको सहकार्य र त्यसको गुणस्तरमा भर पर्ने कुरा उल्लेख गरेको छ । स्टफलबिमले आफ्नो मुल्याङ्कन नमुना मार्फत मुल्याङ्कनलाई यसरी परिभाषित गरेका छन् "मुल्याङ्कन भन्नाले वैकल्पिक निर्णयहरुको छनौट गर्न उपयोगी सूचनाहरुको व्याख्या गर्ने, छनौट गर्ने, र प्रदान गर्ने प्रक्रिया हो" । यस नमुना अनुसार मुल्याङ्कनको उद्देश्य प्रमाणित गर्नु नभइ सुधार हो । मूल्याङ्कनको प्रमुख कार्य बैकल्पिक निर्णय प्रक्रियामा सहयोग गर्नु हो । यस नमूना स्टफलबिमले प्रस्तुत गरेका हुन । यस नमूना अन्तर्गत चारओटा मूल्याङ्कनलाई लिइएका छन् । परिवेश, लगानी, प्रक्रिया र उत्पादन परिवेश मूल्याङ्कन भन्नाले कार्यक्रमको परिवेश कस्तो छ ? के आवश्यकता छन् ? कार्यक्रमको लक्षित समूह को हुन ? आवश्यकता पूरा गर्ने अवस्था छ की छैन आवश्यकता पूरा गर्न के कस्ता समस्याहरु विद्यमान छन् भन्ने कुराको जानकारी लिन परिवेश मूल्याङ्कन गरिन्छ ।

लगानी मूल्याङ्कनका आधारमा कार्यक्रमको संरचना सम्बन्धी निर्णय लिइन्छ । यसबाट के कस्ता स्रोतहरु के कस्ता वैकल्पिक रणनितिहरुलाई कार्यक्रममा ध्यान दिनुपर्छ । उद्देश्य वा आवश्यकता पूरा गर्न कस्तो योजना आवश्यक हुन्छ । समय तालिका र खर्चको व्यवस्था कस्तो हुनुपर्छ जस्ता कुराको पहिचान र जाँच गर्नु पर्छ ।

प्रक्रिया मूल्याङ्कन कार्यक्रम कार्यान्वयन हुन गइरहेको छ । प्रक्रियागत ढाचाँहरु कसरी अगाडि बढी रहेका छन् के बाध्यताहरु देखिएका छन् र के सुधार गर्नुपर्छ जस्ता प्रश्नहरुको आधारमा कार्यक्रम प्रक्रियाको मूल्याङ्कन गरी कार्यक्रमको प्रक्रियालाई नेतृत्व गर्ने गरिन्छ ।

उत्पादन मूल्याङ्कनमा समग्र कार्यक्रमबाट के प्राप्त भयो ? के परिणाम आयो ? कार्यक्रमको आवश्यकालाई कति हदसम्म पूरा गर्न सक्यो उद्देश्य र उपलब्धि बीच सम्बन्धित हुने उत्पादनको मूल्याङ्कन कस्तो देखियो भन्ने कुराको निर्णय लिन सकिन्छ । (खनाल, पेशल (२०६६) ।

यस सिद्धान्तलाई आधार मान्दा यस अध्ययनबाट प्राप्त भएका तथ्यहरुले सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरुलाई सुधार गर्नका लागि विद्यालयको परिवेशलाई केलाएर हेर्न मदत मिल्नेछ । सिकाइ क्रियाकलाप सञ्चालन गरिरहदाको लगानीहरु अथवा तयारी अवस्थाको मूल्याङ्कन गर्न सहयोग गर्नेछ । त्यस्तै सामाजिक अध्ययनको कार्यान्वयनको अवस्था भनेको शिक्षण सिकाइको अवस्था तौर तरिका विधि समय, अप्ठ्यारा बाध्यताहरुलाई केलाउादा सुधार गर्नु पर्ने पक्षहरु पत्ता लगाउन सहयोग गरी सिकाइ उपलब्धी वृद्धिमा प्रभाव पार्न तत्वहरु विश्लेषण गर्न मद्धत पुग्नेछ । उद्देश्य र उपलब्धि बिचको तालमेल कस्तो रह्यो ? पाइयो भन्ने कुरा केलाएर परिणामको विश्लेषण गरी सुधारको लागि मार्गदर्शन गर्नेछ ।

ख) प्रोभसको फरक वा विभेदिय मूल्याङ्कन नमूनाः मूल्याङ्कन कार्य उद्देश्य वा मापदण्डलाई मूल्याङ्कनको आधारको रुपमा प्रस्तुत गरेका छन् भने मूल्याङ्कनबाट प्राप्त परिणामलाई कार्यक्रमको व्यवस्थापन र कार्यक्रमको प्रशासन पक्षको विकासमा प्रयोग गर्नुपर्ने कुरामा जोड दिएका छन् । उनका अनुसार मूल्याङ्कन व्यवस्थापन तथा प्रशासनलाई सहयोग गर्न सञ्चालन गर्न गरिने निरन्तर सूचनाहरुको व्यवस्थापन गर्ने प्रक्रिया हो । उनले मूल्याङ्कनलाई तीनओटा कार्यहरुको योग वा प्रक्रियाको रुपमा व्याख्या गरेका छन् ।

**पहिलो :** मूल्याङ्कन कार्यमा सर्वप्रथम कार्यक्रमका उद्देश्य वा मापदण्डको सम्बन्धमा निर्णय गर्नुपर्दछ । अर्को अर्थमा कार्यक्रमका मापदण्ड वा उद्देश्यहरुलाई परिभाषित गर्नुपर्छ ।

**दोस्रो :** कार्यक्रमका मापदण्डहरु तथा कार्यक्रमले प्रदान गरेको दक्षता बीचमा कति फरक वा अन्तर देखिन्छ त्यसको निर्धारण गर्नुपर्दछ ।

**तेस्रो :** कार्यक्रमको मापदण्ड र दक्षता बीचको फरक सम्बन्धि सूचनाहरुलाई कार्यक्रमको सम्पूर्ण पक्ष वा केहि पक्षहरुको सुधार गर्न व्यवस्थापन गर्न वा स्विकार गर्ने प्रयोग गर्नुपर्दछ ।

प्रोभसका अनुसार माथिका तीन तरिका अनुसार कार्यक्रमको मापदण्ड र दक्षता बीचमा फरक देखियो । भने कार्यक्रमका सहभागीहरु तथा मूल्याङ्कन कर्ता सगै बसेर सहयोगात्मक समस्या समाधान प्रक्रिया अपनाउनु पर्दछ । अथवा कार्यक्रमको सुधार व्यवस्थापन वा स्विकार गर्नुभन्दा

अगाडि कार्यक्रमका सहभागी र मूल्याङ्कन कर्ता बसेर तीन प्रश्नमा छलफल गर्नुपर्दछ । त्यी प्रश्नहरु यस प्रकार छन् ।

१) कार्यक्रमको मापदण्ड र दक्षता बीचमा किन फरक आयो ?

२) त्यसको लागि के सुधारात्मक कार्य गर्न सकिन्छ ?

३) कुन सुधारात्मक कार्य उपयुक्त छ ?

यी माथि प्रस्तुत तीन प्रश्नहरुको आधारमा सहयोगात्मक समस्या समाधान प्रक्रिया अपनाउनु पर्दछ भन्ने धारणा प्रोभसको नयाा धारणा हो । माध्यमिक शिक्षा परिक्षाको मापदण्ड सामाजिक अध्ययनको मापदण्ड र त्यसको सिकाइ उपलब्धि बीच कस्तो समानता छ अथवा कस्तो अन्तर छ ? उपलब्धि परिक्षाको त्यसको पछाडि के कस्ता तत्वहरु कारक तत्वको रुपमा रहेका छन् त्यीनको पहिचान गरी उच्च उपलब्धि हाासिल गर्नका लागि कमिकमजोरीहरुलाई सुधार गर्नुपर्ने हुन्छ (खनाल, पेशल (२०६६) ।

## २.३ पूनरावलोकनको उपादेयता

सम्बन्धित विभिन्न सिद्धान्तहरु तथा पूर्व साहित्यको पूनरावलोकनबाट यस अध्ययनलाई महत्वपूर्ण मार्गदर्शन प्राप्त हुनेछ । स्टफलबिमको सि.आइ.पी.पी. नमूनाले सामुदायिक विद्यालयहरु सञ्चालित हुने अवस्था र परिवेश उपयुक्त छ की छैन, सामाजिक अध्ययन शिक्षणको परिवेश अवस्था, लगानी, प्रक्रिया, उत्पादन उपुक्त छ छैन मार्गदर्शन गर्दछ । विद्यालयका आवश्यकताहरु के के हुन् ? विद्यालयको लक्षित समूह आवश्यकता पूरा गर्ने अवस्था छ की छैन जस्ता कुराको पहिचान गर्न सहयोग पुऱ्याएको छ । साथै उद्देश्यहरु पूरा गर्ने क्रममा विद्यालयले बनाएको योजना कसरी कार्यान्वयन हुदैछ, कार्यान्वयनमा देखिएका समस्याहरु, बाधाहरुलाई समयमै हटाउनुपर्ने सुझाव यस सिद्धान्तले दिएको छ । त्यस्तै प्रोभसको नमूनाबाट माध्यमिक तहमा सामाजिक अध्ययन विषयको राष्ट्रिय मापदण्ड र उपलब्धी बिच कत्ति फरक आयो, किनआयो, त्यसलाई सुधारात्मक कार्य कसरी गर्न सकिन्छ ? कुनकुन पक्षमा सुधार गर्न सकिन्छ र सबैभन्दा बढी उपयुक्त सुधारको कार्य कुन गर्नुपर्छ भन्ने कुरामा पहिल्याउन ठूलो मार्गदर्शन प्रदान गरेको छ ।

सम्बन्धित साहित्यको पुनरावलोकनबाट यो अध्ययनको उद्देश्य, नमुना छनौट, तथ्याङ्क सङ्कलन र विश्लेशण तथा समग्र अनुसन्धानको उद्देश्य प्राप्तिमा मार्गदर्शन गरेको छ ।

## परिच्छेद तीन :

## अध्ययन विधि

### ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनलाई पूरा गर्नका लागि गुणात्मक ढाँचालाई लिइएको छ । यसप्रकार विभिन्न माध्यमबाट प्राप्त सूचना तथा तथ्याङ्कहरुलाई व्याख्यात्मक, वर्णनात्मक, तालिकीकरण, विश्लेषणात्मक ढंगबाट विश्लेषण गरिएको छ । कुनै अवस्था, घटना, प्रक्रिया तथा समस्याहरुको अध्ययन गर्ने उद्देश्यले नामरुपी  तथा क्रमागत स्केलमा मापन गरिएका वा शाब्दिक रुपमा सङ्कलन गरिएका असाङ्खिक तथ्याङ्कलाई तार्किक विधिद्धारा विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान ढाँचा  भनिन्छ ।

अनुसन्धानकर्ताले वस्तु, प्रकिया, समस्या तथा घटनाहरुलाई यथास्थितिमा अथवा तिनीहरुको प्राकृतिक अवस्थामा नै अध्ययन गरिन्छ ।  त्यसमा गहिरो र खुला अन्तरवार्ता, प्रत्यक्ष अवलोकन, लिखित दस्तावेज बाट तथ्याङ्क सङ्कलन गरिन्छ । अन्तरवार्ताद्धारा प्राप्त तथ्याङ्कहरुमा नमुना छनौटमा परेका व्यक्तिहरुको अनुभव, विचार, धारणा र ज्ञानलाई प्रत्यक्ष वाक्याशंकै रुपमा सङ्कलन गरिएको छ । अवलोकनबाट प्राप्त तथ्याङ्कहरुमा मानिसका कियाकलापहरु , कार्य तथा घटनाहरु व्यक्ति - व्यक्तिवीचका अन्तरकियाहरु तथा सङ्गठनात्मक प्रकियाहरुको विस्तृत विवरणहरु संलग्न रहेका छन् । लिखित दस्तावेजको गुणात्मक विश्लेशणमा अभिलेख, प्रकाशन, चिठीपत्र, खुला प्रश्नावली तथा सर्भेमा प्राप्त प्रतिक्रिया , व्यक्तिगत डायरी आदिलाई आधार मानी तथ्याङ्क सङ्कलन गरिएकोले अनुसन्धान ढाँचा लाई गुणात्मक अनुसन्धान ढाँचा भनिएको छ ।

### ३.२ जनसङ्ख्या तथा नमूनाको आकार

सिमित स्रोत साधन र समयका कारण सबै क्षेत्रलाई अध्ययनको क्षेत्र बनाउन नसकिने कारणले यस अध्ययनलाई ओखलढुंगा जिल्लाको चिशंखुगढी गा.पा. अर्न्तगतका ४ ओटा माध्यमिक विद्यालयबाट समान रुपले प्रतिनिधित्व हुनेगरी ४ जना प्र.अ., ४ जना विषय शिक्षक, ४ जना वि.व्य.स. अध्यक्ष, र ८ जना विद्यार्थी र  ४ जना अभिभावक यस अध्ययनलाई अगाडि बढाउनको निम्ति छनौट गरिएको छ ।

## ३.३ नमूना छनौट विधि

अध्ययनलाई प्रभावकारी बनाउन नमूना छनौट पनि विवेकपूर्ण ढंगले गरिनु पर्छ । अन्यथा विश्वसनिय तथ्याङ्क प्राप्त गर्न कठिनाइ हुन्छ । यस कठिनाइलाई मध्यनजर गर्दै नमूना छनौट विधिको रुपमा सम्भावनारहित उद्देश्यपूर्ण नमुना छनौट विधिबाट नमुना छनौट गरिएको छ । अनुसन्धानकर्ताको रुची, आवश्यकता, अवस्था अनुसार नमुना छनौट गर्ने विधि सम्भावनारहित नमुना छनौट विधि हो । अनुसन्धानकर्ताले कुन उद्देश्यअनुसार अनुसन्धान गर्दछ सो उद्देश्य पूर्तिको लागि आफ्नै बुद्धि विवेकद्वारा नमुना छनौट गर्ने विधि नै उद्देश्यपुर्ण नमुना छनौट विधि हो । यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्नका लागि अनुसन्धानकर्ताको रुचि, आवश्यकता अनुसार नमुना छनौट गरिनुपर्ने भएकोले यो विधि अपनाइएको हो ।

चिशंखुगढी गा.पा. अर्तरगतका ७ ओटा माध्यमिक विद्यालय मध्ये अनुसन्धानकर्ताले इच्छाए अनुसारका ४ ओटा विद्यालयहरुबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

**क) विद्यालय छनौट :** सिमित स्रोतसाधन र समय अभावको कारणले साथै अनुसन्धानको उद्देश्य अनुसारको तथ्याङ्क सङ्कलन गनुपर्ने भएकोले माध्यमिक विद्यालयहरु मध्येबाट ४ ओटा सामुदायिक माध्यमिक विद्यालयहरु उद्देश्यपुर्ण विधिबाट छनौट गरिएको छ ।

**ख) प्रधानाध्यापकको छनौट :** छनौट गरिएका विद्यालयका प्र.अ. हरु स्वत : छनौटमा परेका छन्

**ग) विषय शिक्षक छनौट :** छनौटमा परेका विद्यालयका सामाजिक अध्ययन शिक्षकहरु स्वत : छनौटमा परेका छन् ।

**घ) अभिभावकको छनौट :** अभिभावकको छनौट सम्भावनारहित उद्देश्यपुर्ण विधिवाट गरिएको छ । अनुसन्धानको उद्देश्य पुरा गर्नका लागि अनुसन्धानकर्ता आफ्नै वुद्धि विवेकले । अभिभावकहरु ४ जनाको नमुना छनौट गरिएको छ ।

**ङ) विद्यार्थीको छनौट :** ४ ओटा विद्यालयहरुमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुमध्ये २ जनाको दरले सम्भावनारहित विधि मार्फत छनौट गरिएको छ । सिमित स्रोत साधन र समयको अभावका कारण यो विधिद्धारा जम्मा ८ जना विद्यार्थीको मात्र नमुनाको रुपमा छनौट गरिएको छ ।

## ३.४ नमूना छनौटको आधार

पहाडी ग्रामिण क्षेत्रका विद्यालयहरु मध्य सुगम र दुर्गम क्षेत्रका विद्यालय दुवैलाई नमुना छनौटमा लिइएको छ । समावेशीतालाई मध्यनजर गर्दै नमूना छनौट गरिएको छ । त्यसमा भौगोलिक क्षेत्रको आधारमा जाति धर्म, लिङ्गलाई समावेशीकरण मिलाउने गरी यस नमूनालाई छनौट गरिने छ । सिमित स्रोत समय र खर्चको ख्याल गरी सहजता, सर्वसुलभतालाई ख्याल गरिएकोछ ।

### ३.५ अनुसन्धानका साधनहरु

कुनै पनि अध्ययनलाई पूरा गर्न तथ्याङ्हरुको आवश्यकता पर्दछ । प्रभावकारी तथा सत्य तथ्याङ्कहरुको सङकलनका लागि विभिन्न माध्यमहरुको प्रयोग गरिएको हुन्छ त्यी माध्यम वा तरिकाहरुलाई अनुसन्धानका साधनहरु भनिन्छ । यो अनुसन्धान सम्पन्न गर्नका लागि निम्न साधनहरुको प्रयोग गरी सूचना सङ्कलन गरिएको छ ।

**क) प्रश्नावली :** पूर्व निर्धारित प्रश्नहरुलाई उत्तरदाता सामू हुलाक वा अन्य मानिसहरुद्वारा पठाएर उत्तरदाताले उत्तर भरेर पठाइ  तथ्याङ्क संकलन गरिने विधि नै प्रश्नावली हो । यसमा अनुसन्धानकर्ता स्वयमले विषयशिक्षक, प्र.अ., अभिभावक र विद्यार्थीलाई प्रत्यक्ष  भेटी प्रश्नावली प्रदान गरेर तथ्याङ्क सङ्कलन गरिएको् छ । जुन प्र.अ.को लागि तयार गरिएको प्रश्नावली अनुसूची १ मा राखिएको छ । त्यस्तै विषय शिक्षक, वि.व्य.स. र विद्यार्थीको लागि प्रदान गरिरएका प्रश्नावलीहरु क्रमशअनुसूची २ ३ र ४ मा राखिएको छ ।

**ख) अन्तरवार्ता :** आवश्यक जानकारीहरु अर्न्तवार्ता लिने र दिने व्यक्तिहरु आमने - सामने बसेर सूचना, तथ्याङ्कहरु लिने र दिने विधि अन्तरवार्ता हो । यस विधिबाट विषय शिक्षक, प्र.अ., वि.व्य.स. अध्यक्ष, लाई प्रत्यक्ष भेटी सामाजिक अध्ययन विषयको सिकाई उपलब्धि सम्बधि सूचनाहरु, तथ्याङ्कहरु तथा  विवरणहरु संकलन गरिएको छ ।

**ग) अभिलेख अध्ययन :** यस अध्ययनलाई पूर्णता दिन नमुना छनौटमा परेका विद्यालयमा गई वि.स.२०७६ र २०७७ सालको माध्यमिक शिक्षा परीक्षाको नतिजा अभिलेखबाट सामाजिक अध्ययन विषयको औषत सिकाई उपलब्धि हेरिएको छ । भौतिक अभिलेखबाट डेक्स बेन्चको पर्याप्तता हेरिएको छ र शिक्षक विद्यार्थी हाजिरी अभिलेख बाट शिक्षक विद्यार्थी उपस्थिती हेरिएको छ ।

**घ) विद्यालय सर्वेक्षण फारम :** अनुसन्धानको साधनको रुपमा शैक्षिक, आर्थिक, भौतिक र प्रशासनिक पक्षको विभिन्न विवरण उल्लेख गरिएको विद्यालय सर्वेक्षण  फारम विद्यालयहरुमा अनुसन्धानकर्ता आफैं उपस्थित भएर अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.६ तथ्याङ्कका स्रोतहरु

यस अध्ययनका उद्देश्यहरु साग सम्बन्धित सूचना तथा तथ्याङ्कहरु संकलनका लागि निम्न प्रकारका तथ्याङ्कका स्रोतहरुको छनौट गरिएका छन् ।

**क) प्राथमिक स्रोत :** प्राथमिक स्रोत अन्तर्गत विषय शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, अभिभावक र विद्यार्थीहरुबाट अन्तरवार्ता र प्रश्नावलीको प्रयोग गरी अनुसन्धानकर्ता आफै गएर प्रत्यक्ष रुपमा विद्यालयको स्थलगत भ्रमण समेत गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

**ख) द्वितिय स्रोत :** यस अन्तर्गत विभिन्न पत्रपत्रिका, विद्यालयसाग सम्बन्धित विभिन्न समयमा प्रकाशित पुस्तक, शोधपत्र विद्यालयका वि.स. २०७६ र २०७७ सालको माध्यमिक शिक्षा परिक्षाको नतिजा अभिलेखहरुबाट तथ्याङ्क विवरण, जानकारीहरु लिइएको छ ।

## ३.७ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलनका लागि प्रश्नावली, अन्तरर्वाता, अभिलेख अध्ययन र विद्यालय सर्वेक्षण फारमको प्रयोग गरि अनुसन्धानकर्ता आफै अध्ययन क्षेत्र गई सूचना तथ्याङ्क संकलन गरिएको छ ।

**प्रश्नावली :** विषयशिक्षक, प्र.अ,. अभिभावक, विद्यार्थीलाई छुट्टाछुट्टै प्रश्नावली बनाएर अध्ययन क्षेत्रमा अनुसन्धानकर्ता पुगि आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।
**अन्तरवार्ता :** प्र.अ., विषय शिक्षक, वि.व्य.स. अध्यक्षलाई प्रत्यक्ष भेटी सामाजिक अध्ययन विषयको सिकाई उपलब्धिमा प्रभाव पार्ने तत्वहरु सम्बन्धि सूचना तथा जानकारी विवरणहरु सङ्कलन गरिएको थियो । जुन प्रश्नावलीहरु क्रमस अनुसूची १, २ र ३ मा राखिएको छ ।
**अभिलेख अध्ययन :** सम्बन्धित विद्यालयहरुमा राखिएका माध्यमिक शिक्षा परीक्षाको नतिजा अभिलेख वि.स. २०७६ र २०७७ बाट सामाजिक अध्ययनको औषत सिकाई उपलब्धि को तथ्याङ्क लिइएको छ । शिक्षक विद्यार्थी हाजिरी अभिलेखबाट शिक्षक विद्यार्थी नियमितता फर्निचर अभिलेखबाट डेक्सवेन्चको पर्याप्तता सम्बधि जानकारी, तथ्याङ्कहरु संकलन गरिएको छ । विद्यालय सर्वेक्षण फाराम : विद्यालयको भौतिक, शैक्षिक, आर्थिक, र प्रशासनिक पक्षको विभिन्न विवरण उल्लेखित विद्यालय सर्वेक्षण फारम विद्यालयमा प्रेरित गरिनेछ । साथै प्रत्यक्ष विद्यालयको स्थलगत भ्रमण र अवलोकनबाट पनि तथ्याङ्क संकलन गरिएको छ ।

## ३.८ तथ्याङ्क विश्लेषण विधि

यस अध्ययनमा सङ्कलन गरिएका तथ्याङ्कहरुलाई उद्देश्य र अनुसन्धानप्रश्न अनुसार विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । विभिन्न शीर्षक र उपशीर्षकमा छुट्याइएका तथ्याङ्कलाई तालिका, चित्र मार्फत व्याख्या र विश्लेषण गरिएको छ । गुणात्मक तथ्याङ्कलाई वर्णनात्मक र विवरणात्मक विधि बाट व्याख्या र विश्लेषण गरिएको छ भने परिमाणात्मक तथ्याङ्कलाई आवश्यकता अनुसार तालिका चित्र मार्फत व्याख्या र विश्लेषण गरिएको छ ।

## परिच्छेद - चार

## तथ्याङ्कको व्याख्या र विश्लेषण

यो अध्ययन गुणात्मक प्रकृतिको भएकोले यस अध्ययनको उद्देश्यपूर्तिका लागि तथ्याङ्कहरु प्रश्नावली, अन्तरवार्ता, अवलोकन, अभिलेखहरुबाट सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ । यहाँ माध्यमिक शिक्षा परीक्षामा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि हेर्नका लागि नमुना छनौटमा परेका विद्यालयहरुको औषत सिकाइ उपलब्धि अभिवृद्धि गर्ने तत्वहरुलाई मुख्यरुपमा प्रस्तुत गरिएको छ । माध्यमिक शिक्षा परीक्षामा अक्षराङ्क पद्धति सुरु भएयताका २ वर्ष अघि वि.स.२०७६ र २०७७ साल बीचको औषत सिकाइ उपलब्धिको तुलना, सिकाइउपलब्धिमा प्रभाव पार्ने तत्वहरुको पहिचान, सिकाइ उपलब्धि अभिवृद्धि गर्ने तत्वहरुका आधारमा प्राप्त तथ्याङ्कहरुको व्याख्या र विश्लेषण बुदाँगतरुपमा तल प्रस्तुत गरिएको छ ।

### ४.१ सामाजिक अध्ययन विषयको वर्तमान शैक्षिक उपलब्धि

यस अध्ययनले राखेको उद्देश्यलाई पूरा गर्न सामाजिक अध्ययन विषयको वर्तमान शैक्षिक उपलब्धिलाई हेरिएको छ । अध्ययनमा समावेश गरिएका विद्यालयहरुको शैक्षिक सिकाइ उपलब्धि के कस्तो छ भनी पत्ता लगाउनको लागि सामाजिक अध्ययन विषयको वर्तमान शैक्षिक उपलब्धिका तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ४.१.१ वि.स. २०७६ सालको औषत सिकाइउपलब्धि विवरण

यस अध्ययनको परिसीमामा परेका विद्यालयहरुको सिकाइ उपलरुब्धिस्तर पत्ता लगाउने क्रममा वि.स.२०७६ सालको सामाजिक अध्ययन विषयमा प्राप्त शैक्षिक उपलब्धिको तथ्याङ्क उल्लेख गरिएको छ ।

**तालिका १ : माध्यमिक शिक्षा परीक्षामा सामाजिक अध्ययन विषयको वि.स.२०७६ सालको औषत सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन :**

| विद्यालयको नाम | श्री महेश्वर मा.वि.भदौरे | श्री माम्खा मा.वि.माम्खा | श्री सरस्वती मा.वि.खानिभन्ज्याङ् | श्री जाल्पा मा.वि.कालिमाटी |
|---|---|---|---|---|
| औषत सिकाइ उपलब्धि | ५४.४१ प्रतिशत | ५६.४२ प्रतिशत | ५८.४३ प्रतिशत | ५०.४४ प्रतिशत |

स्रोत : विद्यालयको अभिलेख (२०७६)

यहाँ अध्ययनका परिसीमामा रहेका ४ ओटा माध्यमिक विद्यालयहरुको वि.स.२०७६ सालको औषत सिकाइ उपलब्धिलाई तालिकामा प्रस्तुत गरिएको छ । जसअनुसार क्रमश : श्री महेश्वर मा.वि. ५४.४१ प्रतिशत, श्री माम्खा मा.वि. ५६.४२ प्रतिशत, श्री सरस्वती  मा.वि. खानिभन्ज्याङ् ५८.४३ प्रतिशत र श्री जाल्पा मा.वि.कालिमाटीको ५०.४४ प्रतिशत सिकाइ उपलब्धि रहेको छ । यी विद्यालयहरु मध्ये  उच्च सिकाइ उपलब्धि रहेको श्री सरस्वती मा.वि. खानिभन्ज्याङ्को सिकाइ उललब्धि ५८.४३ रहेको छ ।

यसरी माध्यमिक शिक्षा परीक्षा वि.स.२०७६ मा ४ ओटा माध्यमिक विद्यालयहरुको औषत सिकाइ उपलब्धि ५४.९२ प्रतिशत रहेको छ । जुन सिकाइ उपलब्धि औषत हुनुपर्ने सिकाइ उपलब्धिको मध्यम स्तरको रहेको मानिन्छ ।

### ४.१.२ वि.स.२०७७ सालको औषत सिकाइउपलब्धिको विवरण

विद्यालयको शैक्षिक उपलब्धिको वर्तमान अवस्थाको जानकारी हासिल गर्न र यस शोध अध्ययनको उद्देश्य पूरा गर्नका लागि परिसीमामा रहेका विद्यालयहरुको वि.स.२०७७ सालको सिकाइउपलब्धिको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ : माध्यमिक शिक्षा परीक्षा वि.स.२०७७ मा सामाजिक अध्ययन विषयमा प्राप्त सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन :**

| विद्यालयको नाम | औषत सिकाइ उपलब्धि |
|---|---|
| श्री महेश्वर मा.वि.भदौरे | ५५.४० प्रतिशत |
| श्री माम्खा मा.वि.माम्खा | ५७.४४ प्रतिशत |
| श्री जाल्पा मा.वि.कालिमाटि | ५२.५१  प्रतिशत |
| श्री सरस्वती मा.वि.खानिभन्ज्याङ् | ५९.४८ प्रतिशत |

स्रोत : विद्यालयको अभिलेख (२०७७)

प्रस्तुत तालिकामा माध्यमिक शिक्षा परीक्षा वि.स.२०७७ मा सामाजिक अध्ययन विषयमा प्राप्त औषत सिकाइ उपलब्धिलाई लिइएको छ । यहाँ श्री महेश्वर मा.वि.भदौरेको सिकाई उपलब्धी ५५.४० प्रतिशत, माम्खा मा.वि.माम्खाको सिकाई उपलब्धी ५७.४४ प्रतिशत, श्री जाल्पा मा.वि. कालिमाटिको सिकाई उपलब्धी ५२.५१ प्रतिशत र श्री सरस्वती मा.वि.खानिभन्ज्याङको ५९.४८ प्रतिशत रहेको छ । वि.सं.२०७७ सालको एस.ई.ई. परीक्षामा सामाजिक अध्ययन विषयको औषत सिकाइउपलब्धि ५६.२० प्रतिशत रहेको छ ।

### ४.१.३ वि.स.२०७६ र २०७७ सालको सामाजिक अध्ययन विषयको औषत सिकाइउपलब्धिको तुलनात्मक अध्ययन

चिशंखुगढी गा.पा. अन्तर्गत रहेका ७ वटा माध्यमिक विद्यालयहरुमध्ये श्री महेश्वर मा.वि.भदौरे, माम्खा मा.वि. माम्खा, श्री जाल्पा मा.वि.कालिमाटि र श्री सरस्वती मा.वि.खानिभन्ज्याङ्को माध्यामिक शिक्षा परीक्षाको सामाजिक अध्ययन विषयको औषत सिकाइ उपलब्धि लाई तुलना गरिएको छ ।

**तालिका ३ : माध्यमिक शिक्षा परीक्षा वि.स. २०७६ र २०७७ मा सामाजिक अध्ययन विषयमा प्राप्त औषत सिकाइउपलब्धिको तुलनात्मक अध्ययन**

| विषय | विद्यालयको नाम | शैक्षिक वर्ष | |
|---|---|---|---|
| | | वि.स.२०७६ | वि.स.२०७७ |
| सामाजिक | श्री महेश्वर मा.वि.भदौरे | ५४.४१ | ५५.४० |
| | श्री माम्खा मा.वि.माम्खा | ५६.४२ | ५७.४४ |
| | श्री जाल्पा मा.वि.कालिमाटी | ५०.४४ | ५२.५१ |
| | श्री सरस्वती मा.वि.खानिभन्ज्यङ | ५८.४३ | ५९.४८ |

स्रोत : विद्यालयको अभिलेख वि.स.२०७६/०७७

यस तालिकाअनुसार श्री महेश्वर मा.वि.भदौरेको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०७६ को ५४.४१ प्रतिशत र २०७७ को ५५.४० प्रतिशत रहेको छ । श्री माम्खा मा.वि.माम्खाको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०७६ को ५६.४२ प्रतिशत र २०७७ को ५७.४४ प्रतिशत रहेको छ । श्री जाल्पा मा.वि.कालिमाटिको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०७६को ५०.४४ प्रतिशत र २०७७ को ५२.५१ प्रतिशत रहेको छ भने श्री सरस्वती मा.वि.खानिभन्ज्याङको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०७६ को ५८.४३ र २०७७ को ५९.४८रहेको छ ।

माथिको विवरणबाट के प्रष्ट हुनआउछ भने वि.स.२०७६ सालको माध्यमिक शिक्षा परीक्षाको औषत सिकाइ उपलब्धि भन्दा वि.स.२०७७ सालको औषत सिकाइ उपलब्धि बढी देखिन्छ ।

यस अध्ययनमा समावेश गरिएका विद्यालयहरुको वि.स.२०७६ सालको सामाजिक अध्ययन विषयको औषत सिकाइ उपलब्धि ५४.९२ रहेको छ भने वि.स.२०७७ सालको सामाजिक अध्ययन विषयको औषत सिकाई उपलब्धि ५६.२० प्रतिशत रहेको छ । यसरी २०७६ साल र २०७७ सालको औषत सिकाइ उपलब्धिलाई हेर्दा २०७७ सालको औषत सिकाइ उपलब्धि केहि बढी  देखिएको छ ।

## ४.२ सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु

यस अध्ययनको मुख्य उद्देश्य नै सिकाइ  उपलब्धिमा  प्रभाव पार्ने तत्वहरुको पहिचान गर्नु रहेकोले सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु पहिचान गर्नका लागि शिक्षक, विद्यार्थी तथा प्र.अ., माजमा पश्नावली,स्थलगत सर्वेक्षण, अन्तरवार्ता सूचि तयार गरी तथ्याङ्क सङ्कलन पछि प्राप्त परिणाम तथा तथ्याङ्कअनुसार विद्यालयको भौतिक, शैक्षिक, प्रशासनिक पक्ष, शिक्षक-विद्यार्थी नियमितता, विद्यालय सञ्चालन, निरीक्षण तथा अनुगमन, तालिम, आर्थिक पक्ष, सिकारुको घरायसी र सामाजिक वातावरण जस्ता कुराहरु रहेको पाइयो ।

### ४.२.१ भौतिक पक्ष

**तालिका ४ : सिकाइउपलब्धिमा प्रभाव पार्ने भौतिक पक्षहरु**

| क्र.सं. | भौतिक विवरण | श्री महेश्वर मा.वि.भदौरे | | श्री माम्खा मा.वि.माम्खा | | श्री जाल्पा मा.वि.कालिमाटी | | श्री सरस्वती मा.वि.खानिभन्ज्याङ् | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पर्याप्त | अपर्याप्त | पर्याप्त | अपर्याप्त | पर्याप्त | अपर्याप्त | पर्याप्त | अपर्याप्त | पर्याप्त | अपर्याप्त |
| १ | फर्निचर | ✓ | | ✓ | | ✓ | | | ✓ | १०० | |
| २ | कक्षाकोठा | ✓ | | ✓ | | | ✓ | | ✓ | ५० | ५० |
| ३ | शौचालय | ✓ | | ✓ | | ✓ | | | ✓ | ७५ | २५ |
| ४ | खानेपानी | ✓ | | ✓ | | ✓ | | ✓ | | १०० | |
| ५ | खेलमैदान | ✓ | | | ✓ | ✓ | | | ✓ | ५० | ५० |
| ६ | खेलकूद सामग्री | | ✓ | ✓ | | | ✓ | | ✓ | २५ | ७५ |
| ७ | पुस्तकालय | ✓ | | ✓ | | ✓ | | ✓ | | १०० | |
| ८ | घेराबारा | ✓ | | ✓ | | ✓ | | | ✓ | | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७८

स्थलगत सर्वेक्षणबाट विद्यालयको भौतिक पक्षको अध्ययनबाट प्राप्त जानकारी अनुसार श्री महेश्वर मा.वि., श्री माम्खा मा.वि. र श्री जाल्पा मा.वि. मा फर्निचर पर्याप्त रहेको पाइयो र श्री

सरस्वती मा.वि.मा भने फर्निचर अपर्याप्त रहेको पाइयो । यसरी अध्ययनको परिसीमामा परेका विद्यालयहरुमध्ये ७५ प्रतिशतमा फर्निचर पर्याप्त रहेको र २५ प्रतिशत विद्यालयमा अपर्याप्त रहेको पाइयो । यसरी फर्निचर पर्याप्त रहेका विद्यालयहरुमा सिकाइ उपलब्धि औषत भन्दा बढी नै पाइयो र फर्निचर अपर्याप्त रहेको विद्यालयका औषत सिकाइ उपलब्धि अन्य विद्यालय भन्दा कम नै रहेको पाइयो ।

कक्षाकोठा शिक्षाको औपचारिक स्वरुपमा विद्यार्थीहरुको सिकाइको प्रमुख थलो हो । जुन विद्यालयको औषत सिकाइ उपलब्धि पनि उच्च नै देखिएको छ । यहाँ महेश्वर मा.वि.र माम्खा मा.वि.मा कक्षाकोठा पर्याप्त रहेअनुसार औषत सिकाइ उपलब्धि पनि राम्रै देखिन्छ र जाल्पा मा.वि.मा कक्षाकोठा अपर्याप्त भएकोले औषत सिकाइ उपलब्धि तुलनात्मक रुपमा कम देखिन्छ । त्यसैगरी सरस्वती मा.वि. मा कक्षाकोठाको अभाव भएपनि प्रशासनिक पक्ष राम्रो भएकाले औषत सिकाइ उपलब्धि उच्च देखिन्छ । यस विद्यालयमा विद्यार्थीहरु विद्यालय उपस्थित हुन नसके अनिवार्य निवेदन पठाउनुपर्ने र निवेदन नपठाए गयल जरिवाना तिर्नुपर्ने नियम रहेको छ । विद्यार्थी समयमा उपस्थित गराउनका लागि लाइनमै हाजिरी गर्ने, कुनै घण्टी विद्यार्थी कक्षामा नभएमा पनि त्यसको अभिलेख राख्ने, कक्षाको अन्त्यमा पनि हाजिर हुने भएकोले साथै शिक्षक अनुपस्थित हुदा बहुकक्षा सञ्चालन गरिन्छ । कक्षाकोठाको पर्याप्तता हेर्दा ५० प्रतिशत विद्यालयमा पर्याप्त रहेको र ५० प्रतिशत विद्यालयहरुमा अपर्याप्त रहेको पाइयो ।

विद्यालयहरुमा शौचालय भने ७५ प्रतिशतमा नै पर्याप्त रहेको र २५ प्रतिशत अपर्याप्त रहेको पाइयो ।

सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई खेलपक्षले पनि प्रभाव पार्दछ । नमुना छनोटमा परेको विद्यालयहरुमध्ये ५० प्रतिशत विद्यालयमा खेलमैदान पर्याप्त रहेको र ५० प्रतिशत विद्यालयमा अपर्याप्त रहेको पाइयो । खेलसामग्री भने १०० प्रतिशत विद्यालयहरुमा अपर्याप्त रहेको पाइयो

छनोटमा परेका ४ ओटै विदालयहरुमा पुस्तकालय रहेको पाइयो तर पुस्तकालयमा पुस्तकहरु भने अपर्याप्त रहेको पाइयो । पुस्तकालय व्यवस्थापन गर्न नसकेको पाइयो जसले गर्दा सिकाइ उपलब्धिमा टेवा पुग्न नसकेको पाइयो । त्यस्तै ३ ओटा अर्थात ७५ प्रतिशत विद्यालयहरुमा घेराबारा रहेको र २५ प्रतिशत विद्यालयमा घेराबारा नरहेको पाइयो । घेराबारा भएका विद्यालयहरुको औषत सिकाइ उपलब्धि राम्रै रहेको पाइयो  र श्री सरस्वती मा.वि.खानिभन्ज्याङमा घेराबारा नभए पनि

विद्यालयहाता छोडेर निस्केमा जरिवाना तिर्नुपर्ने नियमले विद्यार्थीहरु नियन्त्रित भई औषत सिकाइ उपलब्धि उच्च रहेको पाइयो ।

### ४.२.२ प्रशासनिक पक्ष

यस अध्ययनले समेटेका विद्यालयहरुको प्रशासनिक पक्षको जानकारी लिनका लागि अध्ययनमा समेटिएका विद्यालयहरुका प्र.अ. तथा शिक्षकहरुसँग भराइएको विद्यालयको सर्वेक्षण फारमबाट प्राप्त विवरणलाई तलको तालिकामा उल्लेख गरी व्याख्या गरिएको छ ।

**तालिका ५ : विद्यालयको प्रशासनिक पक्षको कार्य विवरण**

| क्र.सं. | कार्य विवरण | श्री महेश्वर मा.वि.भदौरे | | श्री माम्खा मा.वि.माम्खा | | श्री जाल्पा मा.वि.कालिमाटी | | श्री सरस्वती मा.वि.खानिभन्ज्या | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | तयार गरेको | नगरेको | तयार गरेको | नगरेको | तयार गरेको | नगरेको | तयार गरेको | नगरेको |
| १ | दैनिक पाठयोजना | | ✓ | | ✓ | ✓ | | ✓ | |
| २ | वि.व्य.स. गठन | ✓ | | ✓ | | ✓ | | ✓ | |
| ३ | वार्षिक कार्यपात्रो | ✓ | | ✓ | | ✓ | | ✓ | |
| ४ | वार्षिक कार्ययोजना | | ✓ | | ✓ | | ✓ | | ✓ |
| ५ | एकाइ योजना | | ✓ | | ✓ | ✓ | | ✓ | |
| ६ | दैनिक कार्यतालिका | ✓ | | ✓ | | ✓ | | ✓ | |
| ७ | विद्यालय सुधार योजना | ✓ | | ✓ | | ✓ | | ✓ | |

स्रोत : विद्यालय सर्वेक्षण फाराम, २०७८

माथि उल्लेखित तालिकाअनुसार अध्ययनमा परेका ४ ओटै विद्यालयले अथवा १०० प्रतिशत नै विद्यालयहरुले दैनिक कार्यतालिका निर्माण गरी कार्यान्वयन गरेको पाइयो । त्यस्तै वि.व्य.स.को गठन १०० प्रतिशत विद्यालयहरुमा अर्थात ४ ओटै विद्यालयहरुमा गरिएको पाइयो । वार्षिक कार्यपात्रो पनि ४ ओटै विद्यालयहरु अर्थात १०० प्रतिशत विद्यालयहरुले नै तयार गरेको पाइयो ।

वार्षिक कार्ययोजना भने ४ ओटै विद्यालयहरु अर्थात् १०० प्रतिशत विद्यालयहरुले तयार नगरेको पाइयो । एकाइ योजना चाहि २ ओटा विद्यालय अर्थात् ५० प्रतिशत विद्यालयले तयार गरेको र ५० प्रतिशत विद्यालयले तयार नगरेको पाइयो ।

यसरी हेर्दा श्री सरस्वती मा.वि.खानिभन्ज्याङ् को प्रशासनिक पक्ष राम्रो हेरिएको छ । प्रशासनिक पक्ष राम्रो भएअनुसार नै औषत सिकाइउपलब्धि पनि अरु विद्यालयको तुलनामा बढी नै देखिएको छ । यसप्रकार प्रशासनिक पक्षले पनि प्रभाव पारेको देखिन्छ ।

### ४.२.३ विद्यालय सञ्चालन

सिकाइ उललब्धिमा प्रभाव पार्ने कारक तत्वहरुमा विद्यालय सञ्चालन व्यवस्था पनि एक हो । शैक्षिक सिकाइ उपलब्धिमा प्रभाव पार्ने अर्को एक महत्वपूर्ण तत्व विद्यालय सञ्चालन अवधि पनि भएकोले यसको लागि विद्यालय सर्वेक्षण फारममा विद्यालय खुलेको दिन, पढाइ भएको दिन उल्लेख गर्न लगाइएको थियो जुन तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ६ : विद्यालय सञ्चालन विवरण**

| विद्यालयको नाम | विद्यालय खुलेको दिन | | पढाइ भएको दिन |
|---|---|---|---|
| | ११५ दिनभन्दा कम | ११५ दिनभन्दा बढी | |
| श्री महेश्वर मा.वि.भदौरे | ✓ | | ८४ |
| श्री माम्खा मा.वि.माम्खा | | ✓ | ८५ |
| श्री जाल्पा मा.वि.कालिमाटी | ✓ | | ८५ |
| श्री सरस्वती मा.वि.खानिभन्ज्याङ् | | ✓ | ९२ |

स्रोत : विद्यालय सर्वेक्षण फाराम :२०७७

माथिको तालिकाअनुसार श्री महेश्वर मा.वि.को विद्यालय खुलेको दिन ११५ भन्दा कम र पढाइ भएको दिन ८४ रहेको छ । श्री माम्खा मा.वि माम्खा को विद्यालय खुलेको दिन ११५ दिन भन्दा बढी र पढाइ भएको दिन ८५ रहेको छ । श्री जाल्पा मा.वि.को विद्यालय खुलेको दिन ११५ दिन भन्दा कम र पढाई भएको दिन ८५ दिन रहेको छ । त्यसैगरी श्री सरस्वती मा.वि.को विद्यालय खुलेको दिन ११५ दिन भन्दा बढी र पढाई भएको दिन ९२ दिन रहेको छ । यसप्रकार तुलनात्मक रुपमा हेर्दा न्यूनतम हुनुपर्ने मापदण्ड भन्दा बढी विद्यालय खुलेको र पढाइ भएको विद्यालयको सिकाइ उपलब्धि बढी रहेको पाइयो ।

माथिको तत्थ्याङ्क अनुसार विद्यालय खुलेको २२० दिन हुनु पर्ने र सोही अनुसार विद्यालयमा पठन - पाठन हुनुपर्नेमा कोरोना भाइरस (कोभिड-१९) को कारण मानवीय जीवनमा त्यसको प्रत्यक्ष एवं परोक्ष रुपमा प्रतिकूल असर पर्न गई शिक्षा क्षेत्रमा पनि यसको असर रहेको कुरा माथिको तत्थ्याङ्कले देखाएको छ ।

### ४.२.४ शिक्षक विद्यार्थी उपस्थिति

सिकाइ उपलब्धि राम्रो - नराम्रो, न्यून, मध्यम, उच्चतम हुनुमा शिक्षक र विद्यार्थीको नियमितता अर्थात् उपस्थितिले पनि प्रभाव पार्दछ। त्यसैले यहाँ शिक्षक र विद्यार्थीको उपस्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ७ : शिक्षक विद्यार्थी उपस्थिति**

| विवरण | श्री महेश्वर मा.वि.भदौरे | श्री माम्खा मा.वि.माम्खा | श्री जाल्पा मा.वि.कालिमाटि | श्री सरस्वती मा.वि.खानिभन्ज्याङ |
|---|---|---|---|---|
| औषत विद्यार्थी उपस्थिति | ५० % | ५१ % | ५० % | ५१ % |
| औषत शिक्षक उपस्थिति | ७६ % | ७६ % | ७५ % | ७९ % |

स्रोत : विद्यालय स्थलगत अध्ययन :२०७८

यस तालिका अनुसार २ ओटा विद्यालयहरुको विद्यार्थीको औषत उपस्थिति दर ५० प्रतिशत रहेको पाइयो । यसको मतलब अध्ययनका लागि समेटिएका विद्यालयहरु मध्ये ५० प्रतिशत विद्यालयहरुमा विद्यार्थीहरुको उपस्थिति दर ५० % रहेको र २ ओटा विद्यालय अर्थात ५० प्रतिशत विद्यालयहरुमा विद्यार्थीको उपस्थिति दर ५० % भन्दा माथि रहेको पाइयो । त्यस्तै औषत शिक्षक उपस्थिति दर हेर्दा श्री जाल्पा मा.वि.कालिमाटिको ७५ % सबैभन्दा कम, श्री माम्खा मा.वि.माख्खा र को ७६ % र श्री सरस्वती मा.वि.खानिभन्ज्याङ्को सबैभन्दा बढी ७९ % रहेको छ।

यसरी शिक्षक र विद्यार्थीहरुको औषत उपस्थिति कम हुदाँ शिक्षकले विद्यार्थीहरुलाई सिकाउनुपर्ने विषय वस्तुहरु पूर्णरुपमा दिन सक्दैनन् र विद्यार्थीहरुले पनि शिक्षकले दिएका विषयवस्तुहरु सबै सिक्न पाउदैन्नन् । जसले गर्दा यसको प्रत्यक्ष र अप्रत्यक्ष असर सिकाइ उपलब्धिमा देखिन्छ। शिक्षक विद्यार्थी उपस्थितिसँग सिकाइ उपलब्धिलाई सम्बन्धित गरी हेर्दा शिक्षक विद्यार्थीको औषत उपस्थिति बढी देखिएका विद्यालयहरुको औषत सिकाइ उपलब्धि पनि बढी नै रहेको पाइयो । यी विद्यालयहरुमध्ये श्री सरस्वती मा.वि.खानिभन्ज्याङ् पहाडी ग्रामीण भेगमा अवस्थित रहेकोले बन्द हड्तालको असर नपर्नेहुदा विद्यालय धेरै दिन खुल्ने र सञ्चालन हुने गर्दछ जसले गर्दा पठनपाठनका लागि समय धेरै रहने हुनाले कोर्षहरु समयमै पूरा गरी नमुना प्रश्नहरु साथै पुराना प्रश्नपत्रहरुबाट विद्यार्थीलाई अभ्यास तथा पृष्ठपोषण दिइएको हुनाले अन्य विद्यालयको तुलनामा औषत सिकाइ उपलब्धि राम्रो रहेको पाइयो।

### ४.२.५ निरीक्षण तथा अनुगमन

विद्यालयको कुनै पनि कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नका लागि विद्यालयहरुको दैनिक कार्यक्रममा नियमित अनुगमन तथा निरीक्षण गरी देखिएका कमीकमजोरी, त्रुटि, समस्या, मुद्दाहरुलाई समयमा नै औल्याई सुधार गरेर अपेक्षित लक्ष्य हासिल गर्न सकिन्छ। यस अध्ययनले अध्ययनका लागि समेटिएका विद्यालयहरुमा निरीक्षण तथा अनुगमनको तत्कालको स्थितिको

जानकारी लिने उद्देश्य राखी शिक्षक, प्र.अ. तथा अभिभावकहरुसँग प्रश्नावली र विद्यालय सर्वेक्षण फारामको माध्यमबाट सङ्कलन गरिएको तथ्याङ्क तलको तालिकामा दिइएको छ ।

**तालिका ८ :**

**एक शैक्षिक वर्षमा भएको निरीक्षण तथा अनुगमनको विवरण**

| विद्यालयको नाम | निरीक्षण गर्ने निकाय | एकपटक | दुईपटक | तीनपटक | नियमित |
|---|---|---|---|---|---|
| श्री महेश्वर मा.वि. | वि.व्य.स. | | | | ✓ |
| | वि.नि. | | | ✓ | |
| | जि.शि.अ. | ✓ | | | |
| श्री माख्खा मा.वि. | वि.व्य.स. | | | | ✓ |
| | वि.नि. | | | ✓ | |
| | जि.शि.अ. | ✓ | | | |
| श्री जाल्पा मा.वि. | वि.व्य.स. | | | | ✓ |
| | वि.नि. | | ✓ | | |
| | जि.शि.अ. | ✓ | | | |
| श्री सरस्वती मा.वि. | वि.व्य.स. | | | | ✓ |
| | वि.नि. | | ✓ | | |
| | जि.शि.अ. | ✓ | | | |

स्रोत : प्रश्नावली, अन्तर्वार्ता, विद्यालयहरुको निरीक्षण तथा अनुगमन पुस्तिका

शिक्षा नियमावली २०५९ को छैठौं संशोधनमा “प्रत्येक महिनामा कम्तिमा एकपटक विद्यालयको निरीक्षण तथा अनुगमन, सुपरिवेक्षण गर्ने गराउने र त्यसरी निरीक्षण तथा सुपरिवेक्षण गर्ने क्रममा प्रधानाध्यापक र वि.व्य.स.साग छलफल गरी विद्यालयको निरीक्षण पुस्तिकामा उल्लेख गर्ने” भन्ने लेखिएको भएता पनि वि.नि.हरु विद्यालय नै नपुग्ने र पुगे पनि निरीक्षण पुस्तिकामा उल्लेख नगर्ने प्रचलनमा अझै सुधार आएको छैन ।

चिशंखुगढी गा.पा.अर्न्तरगतका विद्यालयहरुको तत्कालीन अनुगमन तथा निरीक्षणको स्थिति पत्ता लगाउने प्रयास गरिएको छ । जसअनुसार वि.व्य.स.बाट सबै विद्यालयमा निरन्तर अनुगमन भइरहेको पाइयो । वि.नि.बाट २ ओटा अर्थात् ५० प्रतिशत विद्यालयहरुमा वर्षमा २ पटक निरीक्षण तथा अनुगमन भएको र २ ओटा विद्यालय अर्थात् ५० प्रतिशत विद्यालयहरुमा वर्षमा ३ पटक निरीक्षण तथा अनुगमन भएको पाइयो ।

जि.शि.अ.बाट भने १०० प्रतिशत विद्यालयहरुमा १ पटक मात्र वर्षमा निरीक्षण भएको पाइयो ।

विद्यालयलाई निरीक्षण तथा अनुगमन गर्ने क्रममा अनुगमन तथा निरीक्षण गर्न आउनुहुने वि.व्य.स. पदाधिकारीहरु, वि.नि., जि.शि.अ.बाट विद्यालयको विभिन्न पक्षहरुको सुधारका लागि विद्यालयको शैक्षिक पक्षलाई चुस्त र दुरुस्त पार्नुपर्छ भन्ने कुरामा सुझाव दिएको पाइयो । यसरी प्राप्त सुझावलाई विश्लेषण गर्ने हो भने विद्यालयको सिकाइ उपलब्धिलाई प्रभावकारी र फलदायी बनाउनको लागि विद्यालयहरुको शैक्षिक पक्ष र प्रशासनिक पक्षलाई चुस्त र दुरुस्त राख्नु पर्ने देखिन्छ र निरीक्षण र अनुगमनलाई निरन्तरता दिनुपर्ने कुरा उल्लेख गरेको पाइन्छ ।

वि.व्य.स., वि.नि. र जि.शि.अ. बाट नियमित अनुगमन तथा निरीक्षण भएको श्री मााम्खा मा.वि को औषत सिकाइ उपलब्धि पनि राम्रै रहेको पाइयो । यसरी सिकाइ उपलब्धिमा निरीक्षण तथा अनुगमनको प्रभाव सिकाइ उपलब्धिमा परेको हुन्छ । वि.स.२०७६ र २०७७ को माध्यमिक शिक्षा परिक्षाको औसत सिकाइ उपलब्धिलाई हेर्दा निरीक्षण तथा अनुगमन भएका विद्यालयहरुको अन्य विद्यालय भन्दा बढी नै रहेको पाइयो ।

### .२.६. शैक्षिक पक्ष

विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरुमध्ये शैक्षिक पक्षको व्यवस्थापन एक महत्वपूर्ण पक्ष हो । शैक्षिक पक्ष अर्न्तगत शिक्षकको तालिम, सिकाइ सहजिकरण प्रकृया, शैक्षिक सामग्रीको प्रयोग, गृहकार्य पर्दछन् । यस चिशंखुगढी गा.पा.को शैक्षिक पक्षको अध्ययन गर्ने क्रममा अध्ययनमा समावेश विद्यालयहरुमा शिक्षण गर्ने सामाजिक अध्ययन विषय शिक्षकको तालिमको विषयमा चर्चा गरिएको छ ।

सामुदायिक विद्यालयका ९६ प्रतिशत शिक्षकले तालिम लिइसकेका छन् । तालिमको क्रममा शिक्षण क्रियाकलापमा सन्दर्भसामग्रीको औचित्य र प्रयोगको बारेमा स्वभाविक रुपमा चर्चा गरिएको हुन्छ तर आफ्नो कक्षाका सिकाइ अभ्यासलाई सुधार गर्न आफूलाई चाहिएको सामग्री के हो, त्यो कहा पाइन्छ र कति मुल्य पर्छ भन्ने स्पष्ट ज्ञान थोरै प्र.अ. र शिक्षकहरुमा मात्र पाइन्छ । यो तितो सत्य हो (मैनाली, २०६९) ।

सामुादायिक विद्यालयका ९६ प्रतिशत शिक्षक तथा शिक्षिकाहरुलाई शैक्षिक जनशक्ति विकास केन्द्रले तालिम दिइएता पनि शिक्षक तथा शिक्षिकाहरुले तालिम लिने औपचारिकतालाई मात्र पूरा गरेको देखिन्छ । तालिममा सिकेका कुराहरुलाई कक्षाकोठामा प्रयोग गरेको देखिदैन । विद्यालको शैक्षिक गुणस्तर उकास्नको लागि सबै शिक्षक तथा शिक्षिकाहरुले तालिममा सिकेका कुराहरुलाई कक्षाकोठामा अनिवार्य रुपमा प्रयोग गर्नूपर्ने देखिन्छ ।

**(क) शैक्षिक योग्यता , तालिम र अनुभव**

चिशंखुगढी गा.पा.अर्न्तगतका ४ ओटा विद्यालयहरुमा शिक्षाण गर्ने सामाजिक अध्ययन विषयका विषय शिक्षकहरुको शैक्षिक योग्यता र शिक्षण अनुभव वर्ष र तालिमको अवस्था यसप्रकार रहेको पाइयो ।

**तालिका ९ :**

**शिक्षकहरुको शैक्षिक योग्यता, तालिम र अनुभवको विवरण**

| विद्यालयको नाम | विषय शिक्षकको नाम | शैक्षिक योग्यता | अनुभव वर्ष | लिएको तालिम |
|---|---|---|---|---|
| श्री महेश्वर मा.वि | सन्तोष काजी कार्की | एम.एड. | १० | टी.पी.डी. |
| श्री माम्खा मा.वि. | खेट प्रसाद धमला | एम .एड. | ११ | टी.पी.डी. |
| श्री जाल्पा मा.वि. | सम्भु शाह | एम. .एड. | १५ | टी.पी.डी. |
| श्री सरस्वती मा.वि. | सन्तोष कटेल | वि.एड. | ३ | - |

स्रोत : प्रश्नावली तथा अन्तर्वार्ता २०७८ ।

यस तालिका अनुसार सबै विद्यालयका विषय शिक्षकको शैक्षिक योग्यता एम.एड. र सरस्वती मा.वि. को वि.एड.रहेको छ, भने तालिमको सन्दर्भमा ७५ प्रतिशत विद्यालयका शिक्षकहरु तालिम प्राप्त रहेको पाईयो ।

**(ख) शैक्षिक सामग्रीको प्रयोग**

शैक्षिक सामग्रीको प्रयोगको अवस्थाले सिकाइ उपलब्धिमा प्रत्यक्षरुपमा प्रभाव पार्ने गर्दछ । शिक्षाविद कोबुनका अनुसार मानिसले कुनै पनि कुरा यथार्थरुपमा देखेर ८३ प्रतिशत सिक्न सक्छ भने सुनेर केवल ११ प्रतिशत मात्र सिक्न सक्छ । विद्यार्थीहरुलाई देखेर सिक्नका लागि शैक्षिक सामग्रीको प्रयोग अनिवार्य मानिन्छ । यस कुराको आधारमा पनि शैक्षिक सामग्रीको प्रयोग शिक्षणसिकाइका लागि अपरिहार्य मान्न सकिन्छ । यी विविध कारणले गर्दा शिक्षणसिकाइ प्रक्रियामा शैक्षिक सामग्रीको प्रयोग अनिवार्य हुन्छ (पाठ्यक्रम विकास केन्द्र, २०७३) ।

**तालिका १० :**

**शैक्षिक सामग्रीको प्रयोगको विवरण**

| विद्यालयको नाम | शैक्षिक सामग्रीको प्रयोगको अवस्था | | | |
|---|---|---|---|---|
| | हप्तामा १ पटक | हप्तामा २ पटक | हप्तामा ३ पटक | सधै |
| श्री महेश्वर मा.वि | ✓ | | | |
| श्री माम्खा मा.वि. | | ✓ | | |
| श्री जाल्पा मा.वि. | ✓ | | | |
| श्री सरस्वती मा.वि. | | ✓ | | |

स्रोत : प्रश्नावली ,२०७८

यस तालिकाअनुसार छनोटमा परेका विद्यालयहरुमध्ये ५० प्रतिशत (दुईओटा) विद्यालयहरुले हप्तामा २ पटक शैक्षिक सामग्रीको प्रयोग गरेको र ५० प्रतिशत विद्यालयहरुले हप्तामा १ पटक मात्र शैक्षिक सामग्री कक्षाकोठामा प्रयोग गर्ने गरेको पाइयो । हप्तामा १ पटक मात्र शैक्षिक सामग्रीको प्रयोग गर्ने विद्यालयको औषत सिकाइ  उपलब्धि कम रहेको पाइयो ।  हप्तामा दुईपटक कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग गर्ने विद्यालयहरुको औषत सिकाइ उपलब्धि तुलनात्मक रुपमा बढी नै रहेको पाइयो । शैक्षिक सामग्रीको अभाव वा अपर्याप्तताले गर्दा पनि शैक्षिक उपलब्धिमा  कमी आएको पाइयो ।

यसरी हेर्दा सामाजिक अध्ययन विषय गहन र साझा विषय भएकाले विद्यार्थीहरुमा रुचि कम हुने र हुनुपर्ने जति सिकाइ उपलब्धि प्राप्त नभइरहेकोले यस विषयको सिकाइ उपलब्धि अभिवृद्धिका लागि कक्षाकोठामा नियमित शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्नुपर्ने देखिन्छ । त्यसैगरी प्र.अ.सँगको अन्तरवार्ताबाट सामाजिक अध्ययनको सबै एकाइहरुमध्ये हाम्रो पृथ्वी एकाइका लागि सबैभन्दा बढी सामग्रीको माग रहेको पाइयो ।

**शैक्षिक सामाग्रिको प्रकार**

सामाजिक अध्ययन बहुआयामिक विषय भएकोले विविध शैक्षिक सामाग्रिहरु प्रयोग गर्नुपर्ने हुन्छ । यस विषय इतिहास, भूगोल, राजनितीशास्त्र,अर्थशास्त्र, जनसङ्ख्या, समाजशास्त्र आदि विषयहरुको संयोजन भएकोले विभिन्न प्रकारका शैक्षिक सामग्रि प्रयोग गर्नुपर्ने हुन्छ । शैक्षिक सामाग्रिको प्रयोगको अवस्था तालिकामा दिइएको छ ।

**तालिका ११ :**

**शैक्षिक सामग्रि प्रयोगको अवस्था**

| उपलब्ध सामग्री | प्रयोग गरिएको सामग्री | |
|---|---|---|
| ग्लोब | १०० | |
| विश्वको नक्सा | १०० | |
| एटलस | १०० | |
| संविधान | ५० | |
| पोष्टरहरु | - | |
| फोटोहरु | - | |
| चित्रहरु | - | |
| पत्रपत्रिका | - | |
| | | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७८

यसरी हेर्दा सामाजिक अध्ययन बहुआयामिक बिषय भएकोले ग्लोब, विश्वको नक्सा, संविधान, पोष्टरहरु, फोटोहरु, चित्रहरु, पत्रपत्रिका जस्ता सामग्रि आवश्यक पर्दछन । प्रयोगको अवस्था हेर्दा ग्लोबको प्रयोग १०० प्रतिशत विद्यालयमा भएको पाइयो । त्यस्तै विश्वको नक्सा, एटलस पनि १०० प्रतिशत अथवा ४ ओटै विद्यालयहरुमा नै भएको पाइयो । संविधान भने ५० प्रतिशत विद्यालयहरुमा मात्र प्रयोग गरिएको पाइयो ।

**(ग) गृहकार्य**

गृहकार्य दिने सम्बन्धमा गृहकार्य नियमित नदिएको र दिएपनि जाँच नगरेको पाइयो । गृहकार्य नियमित दिनाले विषयवस्तु सम्झन सहयोग मिल्ने, लेखन सीपको विकास हुने, पढ्ने बानीको विकास हुने तथा पृष्ठपोषण प्राप्त हुने भएकोले सिकाइ उपलब्धि अभिवृद्धिमा गृहकार्यले ठूलो भूमिका खेल्ने यथार्थ छ । तर समय अभाव तथा विद्यार्थीको बढ्दो चाप आदिको कारणले एकातिर कोर्ष पूरा गर्न गाह्रो पर्ने भएकोले गृहकार्य कम दिने गरेको र गृहकार्य दिएपनि जाँच नगर्ने गरेको पाइयो ।

**(घ) पाठ्यपुस्तकको उपलब्धता**

पाठ्यपुस्तक भनेको कुनै पनि विषयमा शिक्षकलाई निर्देशन तथा नियन्त्रण गर्न , विद्यार्थीलाई पुनरावृत्ति र अभ्यासका सन्दर्भमा उपयोग गर्न पाठ्यक्रमका उद्देश्य अनुरुप तयार गरिएको सामग्री भन्ने बुझिन्छ ।

पाठ्यपुस्तकको उपलब्धता समयमा हुनु र नहुनुले पनि सिकाई उपलब्धिलाई प्रभाव पार्दछ । समयमा पाठ्यपुस्तक उपलब्ध भएमा वेलैदेखि उचित प्रवाहमा शिक्षकले विषयवस्तु शिक्षकले बाँड्न र विद्यार्थीले पुनरावृत्ति, अभ्यास गर्न सजिलो हुन्छ भने समयमा पाठ्यपुस्तक उपलब्ध नहुदा एकैचोटी शिक्षक विद्यार्थी दुवैलाई विषयवस्तु समेट्दै जान समस्या हुने, कोर्ष पुरा नहुने समस्या हुने गर्दछ । शैक्षिक वर्ष वि.स.२०७६ /२०७७ मा पाठ्यपुस्तक उपलब्धताको अवस्था तालिकामा प्रत्येक विद्यालयको देखाइएको छ ।

**तालिका १२ :**
**वि.स.२०७६/२०७७ मा पाठ्यपुस्तक उपलब्धताको अवस्था**

| विद्यालय | वि.स. २०७६ | वि.स. २०७७ |
|---|---|---|
| श्री महेश्वर मा.वि | वैसाख | वैसाख |
| श्री माम्खा मा.वि. | वैसाख | वैसाख |
| श्री जाल्पा मा.वि. | जेठ | वैसाख |
| श्री सरस्वती मा.वि. | जेठ | जेठ |

स्रोत : प्र.अ, शिक्षक, विद्यार्थी प्रश्नावली, वि. स.२०७८

**ङ) पाठ्क्रम/शिक्षक निर्देशिको उपलब्धता**

सिकाई उपलब्धिलाई पाठ्यक्रम र शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोगले पनि प्रभाव पार्दछ। शिक्षाको राष्ट्रिय उद्देश्य पूर्ति गर्न पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्यहरु हेरेर सिकाई सहजिकरण प्रक्रिया अपनाउनु पर्दछ तब मात्र उद्देश्य अनुसार प्राप्ति भयो भएन भनेर मापन र मुल्याङ्कन गर्नु न्याय  सङ्गत हुन्छ। त्यसैले विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धिका लागि विद्यालयहरुमा हरेक तहको पाठ्यक्रम उपलब्ध हुनु जरुरी छ। कतिपय विद्यालयमा पाठ्यक्रम उपलब्ध नहुने र भएपनि प्रयोग नहुने प्रवृत्ति देखिन्छ।

पाठ्यक्रम निर्धारित उद्देश्य परिपूर्ति गर्नका लागि पाठ्क्रम र पाठ्यपुस्तकको प्रभावकारी प्रयोग गर्न सघाउने महत्वपुर्ण शैक्षिकसामग्रि शिक्षक निर्देशिका हो।  शिक्षणकार्यलाई सरल सहज र प्रभावकारी बनाउनका लागि शिक्षक निर्देशिका महत्वपूर्ण सामग्रि हो। यसले शिक्षणमा आइपर्ने समस्या एवम् कठिनाई समाधान गर्न मार्गनिर्देशन गर्दछ। शिक्षक निर्देशिकाले एक शैक्षिक सत्रभरि अध्यापन गराइने विषयवस्तु, तिनका उद्देश्य,शैक्षिक सामग्री, शिक्षणसिकाई क्रियाकलाप, शिक्षण विधि, मुल्याङ्कन प्रविधि आदि समावेश गरिएको हुन्छ ( शिक्षा, २०७३) सिकाइ सहजिकरण प्रक्रिया सहज बनाउन, अगाडी बढाउन,  र उपलब्धिमूलक प्रभावकारी शिक्षणका लागि शिक्षक निर्देशिका आवश्यक पर्दछ। तर कतिपय विद्यालयहरुमा शिक्षक निर्देशिका उपलब्ध नै नभएको र कतिपय विद्यालयमा भएपनि प्रयोग नै नभएको पाइएको छ। शिक्षक निर्देशिकाले पनि सिकाई उपलब्धिमा प्रभाव पार्दछ। यहाँ पाठ्यक्रम र शिक्षक निर्देशिकाको प्रयोगको अवस्था तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १३ :**

**पाठ्यकम र शिक्षक निर्देशिकाको प्रयोगको अवस्था**

| विद्यालयको नाम | पाठ्यक्रमम छ/छैन | प्रयोग छ/छैन | शिक्षकनिर्देशिका छ/छैन | प्रयोग छ/छैन |
|---|---|---|---|---|
| श्री महेश्वर मा.वि | छ | छ | छ | छ |
| श्री माम्खा मा.वि. | छ | छ | छैन | छैन |
| श्री जाल्पा मा.वि. | छ | छैन | छैन | छैन |
| श्री सरस्वती मा.वि. | छ | छ | छ | छ |

स्रोत : प्रश्नावली,   वि.स.२०७८

यस तालिका अनसार श्री महेश्वर मा.वि.मा पाठ्यक्रम र शिक्षक निर्देशिका दुवै उपलब्ध भएको र पाठ्यक्रम मात्र प्रयोग पनि भएको पाइयो । श्री माम्खा मा.वि मा पाठ्यक्रम भएको र प्रयोग पनि भएको तर शिक्षक निर्देशिका भने उपलब्ध नभएको र प्रयोग पनि नभएको पाइयो । त्यस्तै श्री जाल्पा मा.वि.मा पाठ्यक्रम उपलब्ध भएको तर प्रयोग नभएको पाइयो । शिक्षक निर्देशिका भने उपलब्ध नभएको पाइयो । श्री सरस्वती मा.वि. मा पाठ्यक्रम र शिक्षक निर्देशिका दुवै उपलब्ध भएको र प्रयोग पनि दुवै भएको पाइयो । औषत सिकाई उपलब्धिसँग तुलना गरेर हेर्दा श्री सरस्वती मा.वि को उच्च रहेको पाइयो । श्री महेश्वर मा.वि. को पनि सिकाइउपलब्धि राम्रै रहेको छ । जहाँ पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्ध भई प्रयोग पनि गरिएको छ । यसरी पाठ्क्रम र शिक्षक निर्देशिकाको प्रयोगले पनि सिकाई उपलब्धि लाई प्रभाव पारेको पाइयो ।

### **४.२.७ आर्थिक पक्ष**

यस अध्ययनले समावेश गरेका विद्यालयहरुको आर्थिक पक्षको जानकारी लिने उद्देश्यले वि.व्य.स. अध्ययक्ष तथा प.अ.का बीचमा प्रत्यक्ष भेटघाट गरी गरिएको अन्तरवार्ता, भराइएको प्रश्नावलीबाट विद्यालयको आर्थिक स्रोत/आम्दानीको स्रोतबारेमा निम्नलिखित तथ्य पाइयो ।

**तालिका १४** : विद्यालयको प्रमुख आम्दानीको स्रोतको विवरण

| **विद्यालयको नाम** | प्रमुख आम्दानीको स्रोत |
|---|---|
| श्री महेश्वर मा.वि | सरकारी अनुदान,स्थानीय निकाय, समाजसेवी, अभिभावक, विभिन्न संघसंस्थाहरु |
| श्री माम्खा मा.वि. | सरकारी अनुदान,विद्यालयको खेतियोग्य जमिन स्थानीय निकाय, दातृ संस्थाहरु, अभिभावक |
| श्री जाल्पा मा.वि. | सरकारी अनुदान, दातृ सस्थाहरु विभिन्न संघसस्थाहरु स्थानीय निकाय, सामुदायिक |
| श्री सरस्वती मा.वि. | सरकारी अनुदान, दातृ संघसंस्था, स्थानीय निकाय, अभिभावक |

स्रोत : प्रश्नावली तथा अन्तरर्वाता २०७८

यस अध्ययनमा समावेश गरिएका विद्यालयहरू विभिन्न माध्यमबाट आर्थिक स्रोत जुटाउने गरेको पाइयो । जसमा श्री महेश्वर मा.वि.मा सरकारी अनुदान, स्थानीय निकाय, समाजसेवी, अभिभावक, विभिन्न संघसंस्थाहरुले सहयोग गरेको पाइयो । श्री माम्खा मा.वि .मा सरकारी अनुदान,स्थानीय निकाय, दातृ संस्थाहरु, अभिभावकहरुले आर्थिक सहयोग गरेको पाइयो । श्री जाल्पा मा.वि.मा सरकारी अनुदान,स्थानीय निकाय, सामुदायिक वन उपभोक्ता समूह, विद्यालयको खेतीयोग्य

जमिन आदिको आम्दानीबाट विद्यालय सञ्चालन गरेको पाइयो । त्यसै गरी श्री सरस्वती मा.वि.ले सरकारी अनुदान, दातृ संघसंस्था, स्थानीय निकाय र अभिभावक बाट आर्थिक सहयोग गरेको पाइयो । भने सरकारी अनुदान बाट ४ वटै विद्यालयहरुलाई सहयोग गरेको पाईयो । यी विद्यालयहरु मध्ये श्री सरस्वती मा.वि.मा शिक्षक दरबन्दी प्रयाप्त रहेकोले राम्रो सँग विद्यालय सञ्चालन भएको पाईयो ।

श्री सरस्वती मा.वि.को सञ्चालन र व्यवस्थापनमा अभिभावकहरुको ठूलो सहभागिता र सक्रियता रहेको पाइयो । यसरी हेर्दा अभिभावकको सबैभन्दा बढी सहभागिता र सक्रियता भई विद्यालयमा लगानी र श्रम धेरै भएको हुनाले विद्यालयमा निगरानी धेरै र प्राय विद्यार्थीहरुलाई अध्ययनमा जोड दिएको र वि.व्य.स. बाट नियमित अनुगमन गरिने हुनाले बढी आर्थिक आम्दानी गरिएको र विद्यालयमा बढी सिकाइ उपलब्धि रहेको पाइयो ।

### ४.२.८. टेलिभिजनको प्रयोग

विद्यालय समय अघि र पछि विद्यार्थीले टी.भी. हेर्न खर्च गरेको समयअनुसार औषत प्राप्ताङ्क प्रतिशत विषयगत रुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १५ :**

**टेलिभिजनको प्रयोग र विषयगत सिकाइ उपलब्धि**

| समय | नेपाली | गणित | सामाजिक |
|---|---|---|---|
| २ घण्टा वा सोभन्दा बढी | ३६ % | ३७ % | ४८ % |
| २ घण्टा भन्दा कम | ४६ % | ४६ % | ४४ % |

स्रोत : शिक्षक मांसिक, २०७७,मंसिर

हामी सबै शिक्षक, विद्यार्थी, प्रशासक, अभिभावक सबैको धारणा विद्यार्थीहरुलाई टी.भी. हेर्न दिएमा पढाइ बिग्रन्छ भन्ने रहेको छ । तर यस अध्ययनमा जति धेरै समय टी.भी. हेर्‍यो त्यति धेरै सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि बढी रहेको पाइयो । यस तथ्याङ्कले के देखाउछ भने सामाजिक अध्ययन विषयमा सामाजिक, राजनीतिक, सास्कृतिक , आर्थिक, विश्वव्यापी घटनाहरु साथै नयाँनयाँ समसामयिक घटनाहरुबारे अध्ययन गर्नुपर्ने तर पाठ्यपुस्तकमा समावेश गरिएका ज्ञानहरु आजको भोलि नै पुराना हुने भएकोले विद्यार्थीहरुलाई सामाजिक अध्ययनको औषत सिकाइ उपलब्धि अभिवृद्धि गर्नु छ भने समय मिलाएर टी.भी. हेर्न दिने । त्यसमा पनि ज्ञानवर्द्धक कार्यक्रमहरु, विश्व परिववेशका समसामयिक मुद्दाहरुबारे, घटनाहरुबारे छलफल कार्यक्रमहरु,

समाचारहरु सुन्न, हेर्न प्रोत्साहन गरेमा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि अभिवृद्धि गर्न सकिने यथार्थ पाइयो ।

## ४.३ सामाजिक अध्ययन विषयको सिकाइउपलब्धि अभिवृद्धि गर्ने उपायहरु

शिक्षण सिकाइलाई प्रभावकारी बनाउन यस अध्ययन अथवा शोधको उद्देश्य पूरा गर्नका लागि सम्बन्धित विषयको दक्ष, योग्य, विज्ञ शिक्षक, प्र.अ., अभिभावक, वि.व्य.स.अध्यक्ष, बाट लिइएको बिचारबाट सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि अभिवृद्धि गर्ने तत्वहरु वा उपायहरुलाई तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका १६ : सिकाइ उपलब्धि अभिवृद्धि गर्ने उपायहरु**

| उपायहरु | उत्तरदाताहरु | | | | |
|---|---|---|---|---|---|
| | शिक्षक | प्र.अ. | वि.व्य.स. अध्यक्ष | अभिभावक | विद्यार्थी |
| एस.इ.इ. परीक्षाका पुराना प्रश्नपत्रहरु अभ्यास गराउनु पर्छ | २ | ३ | १ | २ | ४ |
| परिवारले विद्यार्थीलाई शान्त र अनुकूल वातावरण सृजना गर्नुपर्छ | १ | २ | - | १ | - |
| विद्यालयले शैक्षिक अनुकूल वातावरण तयार गरी निगरानी राख्नुपर्छ | १ | १ | - | २ | - |
| कोचिङ् कक्षा सञ्चालन गर्नुपर्छ | २ | १ | २ | २ | ४ |
| विषय विज्ञबाट बेलाबेलामा नमुना शिक्षण गर्नुपर्दछ | २ | २ | २ | - | - |
| प्रगति विवरण नियमितरुपमा अभिभावक समक्ष पुऱ्याउनु पर्दछ | १ | २ | २ | १ | - |
| विद्यालयमा लगानी बढाई भौतिक पूर्वाधारको विकास गर्नुपर्छ | २ | २ | २ | - | १ |
| गृहकार्य नियमित दिने र जाँच गर्ने गर्नु पर्दछ | २ | ३ | - | २ | २ |
| विद्यालमा नियमित पढाइ हुनुपर्छ | | | | | |
| विद्यालयमा समयमा पाठ्यपुस्तक उपलब्ध हुनुपर्छ | २ | २ | २ | ३ | ६ |
| विद्यालयमा राजनीतिक प्रभाव रहनु हुदैन | - | - | ३ | २ | - |
| विद्यालय सञ्चालनको अवस्थामा देखिएका कमीकम्जोरीहरुलाई तत्कालै पहिचान गरी सुधार गर्नपर्दछ | - | - | ३ | २ | - |
| शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्छ | ३ | ४ | २ | - | ६ |
| विद्यार्थीहरुलाई क्षेत्र-भ्रमण गर्न लग्नु पर्छ | २ | ४ | ३ | - | ५ |
| रुचिपूर्ण विषयवस्तु राख्नुपर्छ | | | | | |
| नक्साहरु रङ्गीन र स्पष्ट हुनुपर्छ | २ | २ | - | - | ६ |

स्रोत : प्रश्नावली तथा अन्तरर्वाता, २०७८

माथिको तालिकाअनुसार सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि अभिवृद्धिका लागि उपायहरु पत्ता लगाउन नमुना छनोटमा परेका व्यक्तिहरुलाई प्रश्नावली र अन्तरवार्ताबाट सोधिएको प्रश्नमा एस.ई.ई. परीक्षाका

नमुना प्रश्नपत्रहरुको अभ्यास गराउनुपर्छ भन्नेमा २ जना शिक्षक, प्र.अ. ३ जना, वि.व्य.स. अध्यक्ष १ जना अभिवावक २ जना र विद्यार्थी ४ जनाले आफ्नो बिचार व्यक्त गर्नुभएको छ ।

परिवारले विद्यार्थीलाई पढ्नको लागि अनुकूल वातावरण तयार गरिदिनुपर्छ भन्ने बिचार व्यक्त गर्नुहुनेहरुमा शिक्षक १ जन, २ जना प्र.अ. र अभिभावक १ जना हुनुहुन्छ ।

विद्यालयले अनुकूल वातावरण तयार गरी निगरानी राख्नुपर्छ भन्ने बिचार राख्नुहुनेहरुमा १ जना शिक्षक, १ जना प्र.अ. र २ जना अभिभावकहरु रहनु भएको छ ।

कोचिङ् कक्षा सञ्चालन गर्नुपर्छ भनी बिचार राख्नुहुनेहरुमा २ जना शिक्षक, १ जना प्र.अ, २ जना वि.व्य.स. अध्यक्ष, २ जना अभिभावक र ४ जना विद्यार्थीले सहमती राख्नुभएको छ । त्यस्तै विषय विज्ञबाट बेलाबेलामा नमुना शिक्षण गर्नुपर्छ भन्ने विचार राख्नुहुनेमा २ जना विषयशिक्षक, २ जना प्र.अ.र २ जना वि.व्य.स.अध्यक्ष रहनुभएको छ ।

नियमित प्रगतिविवरण अभिभावक समक्ष पुऱ्याउनुपर्छ भन्ने बिचार १ जना  विषयशिक्षक, २ जना प्र.अ. , २ जना वि.व्य.स. अध्यक्ष  र १ जना अभिभावक रहनुभएको छ ।

विद्यालयमा लगानी बढाई भौतिक पूर्वाधारको विकास गर्नुपर्छ भन्ने विचारसँग २ जना विषयशिक्षक, २ जना प्र.अ., २ जना वि.व्य.स. अध्ययक्ष, र १ जना विद्यार्थी सहमत हुनुहुन्छ ।

गृहकार्य नियमित दिने र जाँच गर्ने गर्नुपर्दछ भन्ने बिचार २ जना विषयशिक्षक, ३ जना प्र.अ., २ जान अभिभावक र २ जना विद्यार्थी रहेका छन् ।

सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि अभिवृद्धि गराउनका लागि विद्यालयमा समयमा नै पाठ्यपुस्तक उपलब्ध हुनुपर्छ र नियमित पढाइ हुनुपर्छ भन्ने बिचारसँग २ जना विषयशिक्षक, २ जना प्र.अ., २ जना वि.व्य.स. अध्यक्ष, ३ जना अभिभावक र ६ जना विद्यार्थीहरु सहमत हुनुहुन्छ ।

विद्यालयमा राजनीतिक प्रभाव हुनु हुदैन, विद्यालय सञ्चालनको अवस्थामा देखिएका कमीकम्जोरीहरुलाई तत्कालै पहिचान गरी सुधार गर्नुपर्छ भन्ने बिचारमा ३ जना वि.व्य.स. अध्यक्ष र २ जना अभिभावक सहमत हुनुहुन्छ ।

विद्यालय संञ्चालनको अवस्थामा देखिएका कमि कमजोरीहरुलाई तत्कालै पहिचान गरी सुधार गर्नु पर्छ भन्ने विचार सँग वि.व्य.स.अध्यक्ष ३ जना अभिभावक २ जना हुनुहुन्छ ।

कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्छ भन्ने बिचारसाग ३ जना शिक्षक, ४ जना प्र.अ., २ जना वि.व्य.स. अध्यक्ष, ६ जना विद्यार्थी सहमत हुनुहुन्छ । सामाजिक अध्ययन विषयको. सिकाइ उपलब्धि अभिवृद्धि गर्ने उपायहरुमा रुचिपूर्ण विषयहरु राख्नुपर्छ, नक्सा वा चित्रहरु स्पष्ट बुझिनेगरी राख्नुपर्छ भन्ने बिचार सँग २ जना शिक्षक, २ जना प्र.अ., ६ जना विद्यार्थीहरुको सहमति रहेको छ ।

माध्यमिक शिक्षा परीक्षामा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि वृद्धि गर्ने उपायहरुमा तालिमप्राप्त शिक्षक हुनु, तालिमको तत्काल कक्षाकोठामा प्रयोग हुनु, दक्ष विषयगत शिक्षक हुनु, भौतिक व्यवस्थापनमा राम्रो सुधार गर्नु, समयसापेक्ष व्यवहारिक पाठ्यपुस्तकको लागू गरिनु, समयमै पाठ्यपुस्तक उपलब्ध हुनु, सम्बन्धित विषयको प्रशस्त सन्दर्भ सामग्री सहितको पुस्तकालय निर्माण गर्नु, शिक्षक र विद्यार्थीबीच दोहोरो सञ्चार प्रणाली रहनु, हाम्रा शिक्षक भन्दा पनि राम्रा शिक्षकहरुको छनोट गर्नु, स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्नु, अध्ययन भ्रमण, अनुसन्धानमूलक कार्यहरुमा विद्यार्थीहरुलाई सहभागी गराउनु, विद्यार्थीको सिकाइउपलब्धिमा टेवा पुऱ्याउने अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नु, बालबालिकाको रुचिसँग सम्बन्धित गराएर विषयवस्तुहरुमा ज्ञान सङ्ग्रह गरी पाठ्यपुस्तकहरु निर्माण गर्नुपर्दछ । जसबाट सामाजिक अध्ययन विषयको सिकाइउपलब्धिमा सहयोग पुग्ने देखिन्छ । त्यसैगरी एस.ई.ई.का पुराना प्रश्नहरुको अभ्यास गराउने, विद्यालयलाई शान्तिक्षेत्रको रुपमा घोषण गर्ने, विद्यालयको पाठ्यपुस्तक कार्यान्वयनमा अथवा अध्यापनका क्रममा देखिएका समस्याहरुलाई तत्कालै समाधान गरी पृष्ठपोषण प्रदान गर्ने, तल्लो कक्षा देखि नै आधार दरिलो बनाउदै माथिल्लो कक्षामा लैजाने, परीक्षाकेन्द्रको वातावरण शान्त र मर्यादित बनाउन सकेमा सामाजिक अध्ययन विषयको सिकाइउपलब्धिमा वृद्धिहुने छ ।

सिकाइउपलब्धिलाई अभिवृद्धि गर्नका लागि सहयोग पुऱ्याउने तत्वहरुमा यस अध्ययनको लागि दिइएको सैद्धान्तिक आधार स्टफलबिमको सी.आई.पी.पी.मोडलअनुसार कुनैपनि योजनाको कार्यान्वयन गर्नका लागि विद्यार्थीहरुको रुचि, परिवेशलाई ख्याल गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ । त्यस्तै विद्यालयमा शिक्षणसिकाइलाई प्रभावकारी बनाउन आवश्यक स्रोत साधन रणनीति समय र खर्चमा जोड दिनुपर्छ । जसले विद्यालयको भौतिक अवस्था अनुकूल हुने र उपलब्धि राम्रो हासिल हुने देखिन्छ । शिक्षणसिकाइ के कसरी सञ्चालन भइरहेको छ , उक्त कुराको कार्यान्वयनको अवस्थामा नै मूल्याङ्कन गरी नियन्त्रण र सुद्धिढीकरण गरिनुपर्दछ । सम्पूर्ण कुरा गरिसकेपछि उद्देश्य र प्राप्ति

बीचको मूल्याङ्कन गरी सुधारको अन्तिम निर्णय लिन सकेमा शिक्षणसिकाइ प्रभावकारी बनाई उपलब्धि अभिवृद्धि गर्न सकिन्छ ।

त्यस्तै प्रोभसको मूल्याङ्कन नमूनामा उद्देश्य वा मापदण्डलाई कार्यक्रम मूल्याङ्कनको आधारको रुपमा लिनुपर्छ । यस नमूना अनुसार निम्न कार्य गर्नुपर्दछ :

क) मूल्याङ्कन कार्यमा सर्वप्रथम कार्यक्रमका उद्देश्य मापदण्डहरुको सम्बन्धमा निर्णय गर्नुपर्दछ ।

ख) कार्यक्रमको मापदण्ड र दक्षताबीच फरक कति छ निर्धारण गर्नुपर्छ ।

ग) कार्यक्रमको मापदण्ड र दक्षताबीचको फरकलाई कार्यक्रमको सम्पूर्ण पक्ष वा केहि पक्षहरुको सुधार गर्न, व्यवस्थापन गर्न वा स्वीकार गर्न प्रयोग गर्नुपर्दछ ।

यसमा मापदण्ड र दक्षता बीचमा किन फरक आयो ? त्यसको लागि के सुधारात्मक कार्य गर्न सकिन्छ ? कुन सुधारात्मक कार्य उपयुक्त जस्ता प्रश्नमा छलफल गरी निर्णय गर्नुपर्छ ।

यहाँ माध्यमिक शिक्षा परीक्षामा तोकिएको मापदण्ड र प्राप्त नतिजा बीचमा जुन फरक आएको छ त्यो फरक आउनुका कारणहरु पनि पहिल्याई सकिएको छ । ती सुधारका लागि गर्न सकिने उपायहरु पनि पत्ता लगाइएकोले ती सुधारका उपायहरु मध्ये कुन चाहि उपाय उपयुक्त छ त्यो छलफल गरी सरोकारवाला सबैले निर्णय गरी माध्यमिक शिक्षा परीक्षाको सिकाइ उपलब्धि अभिवृद्धि गर्न सकिन्छ ।

यहा हरेक विद्यालयमा सञ्चालित शैक्षिक कार्यक्रमको उद्देश्य उच्च सिकाई उपलब्धिको प्राप्ती नै हो । मापदण्ड अनुसार समग्र विद्यालयको उपलब्धि मध्यम देखिएको छ । यसलाई अभिवृद्धि गनुपर्ने आवश्यक छ । यसको लागि विद्यालयको भौतिक पक्ष, प्रशासनिक पक्ष, आर्थिक पक्ष र शैक्षिक पक्ष अर्न्तरगत सम्पुर्ण पक्षको सुधार गर्नुपर्छ ।

## परिच्छेद पाँच :

## प्राप्ति, निश्कर्ष र सुझावहरु

यस परिच्छेदमा अध्ययनको मुख्य प्राप्ति, निश्कर्ष तथा सुझावहरुलाई प्रस्तुत गरिएको छ । यस अध्ययनको मुख्य प्राप्तिको रुपमा अध्ययनका लागि नमुना छनोटमा परेका विद्यालयका सम्पूर्ण पक्षलाई हेर्दा प्राप्त भएका तथ्यहरु, प्रमाणहरु र विद्यार्थीको सिकाइउपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरुका रुपमा भौतिक पक्ष, प्रशासनिक पक्ष, शैक्षिक पक्षको सन्दर्भमा प्राप्त भएका प्राप्तिहरुलाई यहाँ उल्लेख गरिएको छ ।

ओखलढुंगा जिल्लाको पूर्वि भेगमा अवस्थित चिशंखुगढी गा.पा. अन्तर्गत यस अध्ययनको परिसीमामा रहेका विद्यालयहरुको प्रशासनिक, भौतिक, शैक्षिक र आर्थिक पक्षको अध्ययनबाट प्राप्त भएका प्राप्तिहरुलाई देहाय बमोजिम बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

### ५.१ मुख्य प्राप्तिहरु

यस अध्ययनबाट प्राप्त मुख्य प्राप्तिहरुलाई निम्न उपशीर्षकमा क्रमशः प्रस्तुत गरिएको छ ।

#### ५.१.१ भौतिक पक्ष

यस अध्ययनमा समावेश भएको चिशंखुगढी गा.पा.अर्न्तरगत ४ ओटा विद्यालयहरुको भौतिक पक्षलाई हेर्दा ७५ प्रतिशत विद्यालयहरुमा फर्निचर पर्याप्त रहेको र २५ प्रतिशत विद्यालयहरुमा अपर्याप्त रहेको, कक्षाकोठा भने ५० प्रतिशत विद्यालयमा पर्याप्त रहेको र ५० प्रतिशत विद्यालय अपर्याप्त रहेको पाइयो ।

शौचालय ५० प्रतिशत विद्यालयमा पर्याप्त रहेको र ५० प्रतिशत विद्यालयमा अपर्याप्त रहेको तथा खानेपानी १०० प्रतिशत विद्यालयमा पर्याप्त रहेको पाइयो । खेलकुद सामग्री ४ ओटै विद्यालयमा अपर्याप्त रहेको र १०० प्रतिशत विद्यालयमा पुस्तकालय भए पनि पुस्तक अपर्याप्त रहेको साथै व्यवस्थापन गर्न नसकेको पाइयो । घेराबारा ७५ प्रतिशत विद्यालयमा रहेको र २५ प्रतिशत विद्यालयमा नरहेको पाइयो ।

यसलाई सिकाईउपलब्धि सँग तुलना गरेर हेर्दा भौतिक पक्ष राम्रो भएको विद्यालयका सिकाई उपलब्धि पनि तुलनात्मक रुपमा राम्रो रहेको पाइयो ।

#### ५.१.२ प्रशासनिक पक्ष

यस अध्ययनले विद्यालयहरुको प्रशासनिक पक्षको अध्ययनबाट दैनिक कार्यतालिका १०० प्रतिशत विद्यालयहरुले निर्माण गरी कार्यान्वयन गरेको पाइयो । वि.व्य.स. गठन १०० प्रतिशत

विद्यालयहरुले गरेको, वार्षिक कार्यपात्रो १०० प्रतिशत विद्यालयहरुले तयार गरेको, वार्षिक पाठयोजना १०० प्रतिशत विद्यालयले तयार नगरेको पाइयो ।

दैनिक पाठयोजना ५० प्रतिशत विद्यालयले तयार गरेको र ५० प्रतिशत विद्यालयले तयार नगरेको पाइयो । विद्यालय सञ्चालन विवरण हेर्दा ५० प्रतिशत विद्यालयहरु ११५ दिनभन्दा बढी खुलेको पाइयो । त्यस्तै शिक्षा नियमावली २०५९ को छैटौ संशोधन मा व्यवस्था भएअनुसार कुनै पनि विद्यालयहरुमा निरीक्षण तथा अनुगमन नभएको पाइयो । निरीक्षण तथा अनुगमन ५० प्रतिशत विद्यालयमा वर्षमा २ पटक र ५० प्रतिशत विद्यालयमा वर्षमा ३ पटक वि.नि.बाट र वर्षमा १ पटक जि.शि.अ.बाट भएको पाइयो ।

विद्यार्थी तथा शिक्षक उपस्थिति हेर्दा ५० प्रतिशत विद्यालयमा विद्यार्थीको औषत उपस्थिति ५० प्रतिशत रहेको र ५० प्रतिशत विद्यालयमा ५० भन्दा बढी रहेको पाइयो र शिक्षकहरुको उपस्थिति भने १०० प्रतिशत विद्यालयहरुमा नै ७५ प्रतिशत भन्दा माथि रहेको पाइयो । तुलनात्मक रुपमा हेर्दा प्रशासनिक पक्ष राम्रो भएका विद्यालयहरुको सिकाई उपलब्धि बढि रहेको पाइयो ।

### ५.१.३. शैक्षिक पक्ष

शैक्षिक पक्षमा ५० प्रतिशत विद्यालयहरुले हप्तामा २ पटक र ५० प्रतिशत विद्यालयहरुले हप्तामा १ पटक मात्र शैक्षिक सामग्रीको प्रयोग गरेको पाइयो । गृहकार्य नियमित नदिएको र दिए पनि जाँच नगरेको पाइयो । १०० प्रतिशत विद्यालयहरुमा समयमा पाठ्यपुस्तक उपलब्ध नभएको पाइयो । विषयशिक्षकहरुले ७५ प्रतिशतले तालिम लिएको पाइयो ।

### ५.१.४. आर्थिक पक्ष

नमुना छनोटमा परेका विद्यालयहरुमध्ये ७५ प्रतिशत विद्यालयलाई स्थानीय निकाय सरकारी अनुदान अभिभावक र दातृ निकायबाट आर्थिक सहयोग भइरहेको र २५ प्रतिशत खेतियोग्य जमिनबाट आर्थिक सहयोग भइरहेको पाइयो । ग्रामीण क्षेत्रमा रहेका कतिपय विद्यालमा भने शिक्षक दरबन्दी पनि कम भएकोले धेरैजसो शिक्षक निजी स्रोतबाट नियुक्ति गरी विद्यालय सञ्चालन गरेको पाइयो ।

## ५.२. निश्कर्ष

यस अध्ययनमा रहेको 'माध्यमिक शिक्षा परीक्षामा सामाजिक अध्ययन विषयको सिकाइउपलब्धिमा प्रभाव पार्ने तत्वहरु' शीर्षकमा आधारित रहेर गरिएको अध्ययन अनुसार सामाजिक अध्ययन विषयमा महत्वपूर्ण रुपमा सिकाइउपलब्धिमा प्रभाव पार्ने तत्वहरुमा विद्यालयको

भौतिक पक्ष, विद्यालयको प्रशासनिक पक्ष, शिक्षक विद्यार्थी नियमितता, विद्यार्थीको रुचि, निरीक्षण तथा अनुगमन, शैक्षिक सामग्रीको प्रयोग, गृहकार्य, टी.भी.हेर्ने समय, विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलाप, पुराना तथा नमुना प्रश्नपत्रको अभ्यास रहेका छन् ।

सिकाइउपलब्धिमा प्रभाव पार्ने तत्वहरु र विद्यालयहरुबीचमा प्रत्यक्ष सम्बन्ध रहने हुनाले विद्यार्थीहरुको मनोवैज्ञानिक पक्षमा समेत प्रभाव परेको छ । माध्यमिक शिक्षा परीक्षामा सामाजिक अध्ययन विषयको वि.स. २०७६ र २०७७ सालको सिकाइ उपलब्धि बीचको तुलना गरी हेर्दा सामुदायिक विद्यालयको औषत सिकाइउपलब्धि ५४.९२ र ५६.२० प्रतिशत रहेको माथिको तत्थ्याङ्क बाट प्रस्ट हुन्छ । र यो सिकाई उपलब्धि मध्यम मात्र रहेको उच्च उपलब्धि प्राप्त नभएको निश्कर्ष छ । त्यसैले यो सिकाइ उपलब्धिलाई वृद्धि गर्न निम्न कुराहरुमा सुधार गर्नुपर्ने देखिन्छ ।

- विद्यालको सिकाइउपलब्धिलाई प्रभावकारी र फलदायी बनाउनका लागि शैक्षिक पक्ष, प्रशासनिक पक्षमा निरीक्षण तथा अनुगमनलाई चुस्त दुरुस्त राख्नुपर्छ ।
- विद्यालयमा रोगव्यादि तथा माहामारिले असर नगरेको खण्डमा विद्यालयमा २२० दिनभन्दा बढी समय पठनपाठन हुनुपर्छ ।
- विषयशिक्षकले नियमित गृहकार्य दिने र परीक्षण गर्ने तथा पृष्ठपोषण समेत प्रदान गरी सिकाइ उपलब्धिको स्तर उकास्नुपर्छ ।
- विषयशिक्षकहरुले नियमित रुपमा दैनिक पाठयोजना निर्माण गरी शिक्षण गर्नुपर्छ ।
- विद्यार्थीहरुलाई एस.ई.ई.का नमुना तथा पुराना प्रश्नपत्रहरुमा प्रयाप्त अभ्यास गराउनुपर्छ ।
- विद्यालयमा नियमितरुपमा अतिरिक्त तथा सहकार्यकलापहरु सञ्चालन गराउनुका साथै रेडियो, टेलिभिजन, पत्रपत्रिका जस्ता सूचना र सञ्चारका माध्यमहरुको पहुचमा बालबालिकाहरुलाई राख्नुपर्छ ।
- विद्यालयको सिकाइउपलब्धिमा सुधार ल्याउने खालका शैक्षिक कार्यक्रमहरु ल्याउनुपर्छ र त्यसलाई कार्यन्वयन गर्नु पर्दछ ।
- शिक्षक विद्यार्थीहरुलाई नियमित उपस्थिति हुनका लागि प्रोत्साहित गनुपर्छ साथै अभिभावकहरुमा शिक्षाको महत्वबारे जनचेतना जागृत गरी विद्यालयमा उपस्थित हुने र आफ्ना नानीहरुको शैक्षिक प्रगतिबारे चासो राख्ने बानीको विकास गराउनुपर्छ ।
- विषय वस्तु शिक्षणको लागि शिक्षकले शैक्षिक सामाग्रिको प्रयोगलाई जोड दिन पर्दछ ।

## ५.३ सुझावहरु

यस अध्ययनका लागि लिइएको विद्यालयहरुमा यस अध्ययनले राखेका उद्देश्यहरु पुरा गर्नेक्रममा लिइएका तथ्याङ्कहरुको विवरण हेर्दा यसप्रकार सुझावहरु पेश गर्न सकिन्छ ।

### ५.३.१ नीतिगत तह

सरोकारवालाहरुलाई विद्यालयको सम्पूर्ण गतिविधिमा संलग्न हुन क्षमता अभिवृद्धि सम्बन्धमा तालिम उपलब्ध गराउनुपर्छ । विद्यालयको सम्पूर्ण समस्या समाधान गर्नका लागि आवश्यकताको प्राथमिकता निर्धारण गर्न सरोकारवालाहरुलाई सहभागी गराउनुपर्छ । योग्य, दक्ष, विज्ञ नेतृत्वसीप भएकालाई अभिभारा सुम्पनुपर्छ । पाठ्यपुस्तकको विद्यार्थीहरुको रुचि, चाहना र आवश्यकता साथै समाजको मागलाई सम्बोधन गर्ने गरी निर्माण गर्नुपर्छ । पाठ्यक्रम र पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाको उपलब्धता समयमा नै गर्नुपर्छ । पाठ्यपुस्तकको निर्माण गर्दा शूद्धता, स्पष्टता, सान्दर्भिकता, विश्वासनीयता तथा वैधतालाई ख्याल गरी बनाउनुपर्छ ।

### ५.३.२ अभ्यास तह

अनुसन्धानको परिसीमामा रहेका विद्यालयहरुको समग्रतालाई हेर्दा विद्यार्थीहरुको मनोभावनालाई ख्याल गरी अभ्यास गर्नुपर्दछ । शिक्षण सिकाइ क्रियाकलापमा पर्याप्त मात्रामा शैक्षिक सामग्रीको प्रयोग गरिनु आवश्यक छ । माध्यमिक तहका विद्यार्थीहरुलाई विषयवस्तु स्पष्ट पार्नका लागि अध्ययन, अनुसन्धान, भ्रमण जस्ता क्रियाकलापमा सरिक गराउनुपर्छ । शिक्षणसिकाइको क्रममा स्वच्छ र शान्त वातावरण व्यवस्थापन गर्न प्रयास गर्नुपर्दछ । उत्तरपुस्तिकाको परीक्षण वैज्ञानिक तरिकाले गरिनुपर्छ साथै प्रश्नपत्रको निर्माण गर्दा कठिनाइ स्तरको विश्लेषण गरी निर्माण गर्नुपर्दछ । विद्यार्थीहरुलाई घरायसी कामको बोझ हटाई सूचना तथा सञ्चार प्रविधिमा अभ्यस्त हुनका लागि समय उपलब्ध गराउनपर्ने देखिन्छ । पुस्तकालयको उचित व्यवस्थापन, विद्यार्थीकेन्द्रित शिक्षण विधिको अवलम्बन गनुपर्दछ । विशिष्टीकरण तालिकाको प्रयोग साथै नमुना प्रश्न तथा पुराना प्रश्नपत्रहरुबाट विद्यार्थीहरुलाई प्रशस्त अभ्यास गराउने गनुपर्दछ । बुँदागत रुपमा भन्नुपर्दा

१. शिक्षकले अनिवार्य पाठ्यक्रम र शिक्षकनिर्देशिकाको प्रयोग गर्नुपर्दछ ।
२. सामाजिक अध्ययनको लागि आवश्यक पर्ने सन्दर्भ सामग्रिको संकलन र प्रयोग गर्नुपर्दछ ।
३. पुस्तकालय र इन्टरनेटको पर्याप्त व्यवस्था र प्रयोग गर्नुपर्दछ ।
४. परियोजना कार्य, क्षेत्रभ्रमण, सामुदायिक कार्यमा जोड दिनुपर्दछ ।

### ५.३.३ अनुसन्धान तह

माध्यमिक शिक्षा परीक्षामा सामाजिक अध्ययन विषयको सिकाइउपलब्धिमा प्रभाव पार्ने तत्वहरुको पहिचानमाथि गरिएको अनुसन्धान कार्यले सिकाइउपलब्धिमा प्रभाव पार्ने तत्वहरुको पहिचान गरेको पाइन्छ । तथापि यस अध्ययनले मात्र पूर्ण हुन सक्दैन । यस अध्ययनलाई अभ्m पुर्ण र जवाफदेही बनाउनका लागि यस समस्यासँग सम्बन्धित विषयहरुमा अनुसन्धान गर्नुपर्ने देखिन्छ । जसका लागि यस अनुसन्धानबाट निस्केको नतिजाले सहयोग गर्ने आशा गरिएको छ । विद्यार्थीहरुको पारिवारिक समस्या, विद्यालयको शैक्षिक सामग्रीहरुको प्रयोगबाट हुने फाइदा, विद्यालयको प्रशासनिक पक्ष, परीक्षामा प्राप्त प्राप्ताङ्कको नतिजा विश्लेषण गर्नका लागि सहयोग पुऱ्याउने आशा लिइएको छ ।

यस शोधपत्र अध्ययन गरी भावी अनुसन्धानकर्ताले सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि वृद्धि गर्ने कारक तत्वहरु शीर्षकमा अध्ययन अनुसन्धान गर्न सक्नेछन् । भावी अनुसन्धान कर्ताहरुले निम्न शीर्षकहरुमा अनुसन्धान गर्न सक्नेछन् :

- सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा शैक्षिक सामग्रीले पुऱ्याउने सहयोग
- विद्यालयमा निरीक्षण तथा अनुगमन मूल्याङ्कनले सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा पारेको प्रभाव
- विद्यालयमा सञ्चालन गरिने अतिरिक्त तथा सहकार्यकलापले सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा पार्ने प्रभाव ।

## सन्दर्भ सामग्री

अधिकारी, विष्णुप्रसाद (२०६९), माध्यमिक शिक्षक दिग्दर्शन, आशिष बुक्स हाउस प्रा.लि. बागबजार काठमाडौ ।

खनाल, पेशल (२०६६) शैक्षिक अनुसन्धान पद्धति, काठमाडौं, सनलाइट पब्लिकेशन ।

घिमिरे, वस्ती र विश्वकर्मा बाबुराम (२०७२), शिक्षक स्रोत पुस्तक, काठमाडौ, सिकाइ सहहु (प्रा.लि.) ।

जवरा स्वयं प्रकाश, पौडेल गिरिराज (२०६८) शिक्षा मनोविज्ञान काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार

ढकाल, केशवराज (२०६८) सामाजिक अध्ययन शिक्षण, काठमाण्डौंः क्वेस्ट पब्लिकेशन ।

सिंह, नागेश्वर (२०६६), शिक्षाका आधारहरु, काठमाडौ : पैरवी प्रकाशन ।

शर्मा एण्ड शर्मा, (२०६६), शिक्षा मनोविज्ञान, एम.के.पब्लिशर्स एण्ड डिस्ट्रीव्यूटर्स, भोटाहिटी, काठमाडौ ।

शर्मा एण्ड शर्मा, (२०७१), शिक्षा मनोविज्ञान, एम.के.पब्लिशर्स एण्ड डिस्ट्रीव्यूटर्स, भोटाहिटी, काठमाडौ ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६३), माध्यमिक शिक्षा सहयोग कार्यक्रम मूल दस्तावेज भक्तपुर

## अनुसूची १ :

## अन्तरवार्ता फाराम (प्र.अ.का लागि)

१. विषय शिक्षकले सबैभन्दा धेरै शैक्षिक सामग्रीको माग गर्ने एकाइ कुन हो ?

..........................................................................................

२. सामाजिक अध्ययन सम्बन्धित कुन कुन अतिरिक्त क्रियाकलाप विद्यालयमा गराउनु हुन्छ ?

..........................................................................................

३. विद्यार्थीको सामाजिकीकरणका लागि विद्यालयमा कस्तो वातावरण तयार गर्नु पर्ला ?

..........................................................................................

४. विषय शिक्षकलाई सामाजिक अध्ययन शिक्षणमा के कस्तो सहयोग गर्नु भएको छ ?

..........................................................................................

५. सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुको सिकाई उपलब्धि कस्तो छ ?

..........................................................................................

६. विद्यार्थी प्रगतिवारे अभिभावकलाई कसरी जानकारी दिने गर्नु भएको छ ?

..........................................................................................

७.प्रयोगमा आएका मूल्याङ्कन प्रकृया मध्य प्रभावकारी प्रकृयाको रुपमा के के लाई लिनु भएको छ ?

..........................................................................................

८.तपाईको विद्यालयमा सामाजिक विषयको पाठ्यक्रम उपलब्ध छ ?

..........................................................................................

९.दैनिक कार्यतालिकामा सामाजिक शिक्षकलाई साप्ताहिक कति घण्टी छ ?

..........................................................................................

## अनुसूची २ :

## अन्तरवार्ता फाराम (विषय शिक्षकका लागि)

१. सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुको रुचि र सक्रियता कस्तो छ ?

..........................................................................................................................

२. सामाजिक अध्ययनमा राखिएका एकाइहरु मध्ये शिक्षण गर्न सबैभन्दा गाह्रो र सबैभन्दा सजिलो एकाई कुन कुन हुन् ?

..........................................................................................................................

३. सबैभन्दा विद्यार्थीले रुचि देखाएको एकाई कुन हो ?

...............................................................................................................................

४. सामाजिक अध्ययनको सिकाइ उपलब्धि अभिवृद्धि गर्न के के गर्नुपर्ला ?

..........................................................................................................................

५. सामाजिक अध्ययनको शिक्षण गराउन कुन कुन शैक्षिक सामग्री प्रयोग गरिएको अवस्था छ ?

..............................................................................................................

६. सामाजिक अध्ययनको क्रममा विद्यार्थीहरुलाई शैक्षिक भ्रमणमा पनि लगिएको छ ?

.....................................................................................................

७. सामाजिक अध्ययन शिक्षणको लागि कुन कुन शिक्षण विधीलाई प्रयोगमा ल्याउनु भएको छ ?

.......................................................................................................................

८.तपाईको विषयमा विद्यार्थीले कक्षा कार्य र गृहकार्य कतिको गर्छन् ?

.................................................................................

९.सामाजिक शिक्षणलाई प्रभावकारी र व्यवस्थित बनाउन के–के गर्नुपर्दछ ?

.......................................................................................

**अनुसूची ३ :**

**अन्तरवार्ता फाराम – (वि.व्य.स. अध्यक्षको लागि)**

१. वि.व्य.स अध्यक्षको पद सम्हाल्नुभएको कति वर्ष भयो ?

..........................................................................

२. विद्यालयको अनुगमन तथा निरिक्षण कसरी गर्दै आउनुभएको छ ?

......................................................................................

३. माध्यमिक शिक्षा परिक्षामा सामाजिक अध्ययनको सिकाइ उपलब्धिलाई के कुराले प्रभाव पार्दछ ?

.................................................................................................

४. सिकाइ उपलब्धि अभिवृद्धिका लागि के गर्नुपर्ला ?

............................................................

५.तपाई वि.व्य. स. को पदमा रहेर काम गर्दा कतिको सन्तुष्ट हुनुहुन्छ ?

..................................................................................

६.विद्यालयको वातावरणलाई सिकाई अनुकूल बनाउन के कस्तो सहयोग गर्नुभएको छ ?

....................................................................................................

७. विद्यालयको शैक्षिक उपलब्धि अझ सुधार गर्न कसकसले के के गर्नुपर्ला ?

..........................................................................................

## अनुसूची –४

## विद्यार्थीका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली सूची

१. सामाजिक विषयको कक्षा कुन घण्टीमा पढाई हुन्छ ?

...........................................................................

२. सामाजिक  विषय प्रतिको अभिरुचि वा चासो के कस्तो छ ?

............................................................................

३. शिक्षकले सामाजिक पढाउँदा शैक्षिक सामग्रीको प्रयोग गर्नु हुन्छ कि हुन्न ?

.............................................................................................

४. सामाजिक शिक्षण गर्दा सजिलै बुझ्न सकिन्छ ?

............................................................

५. शिक्षकले सामाजिक विषयको प्रयोगात्मक कार्यका लागि प्रयोगशाला लैजानु हुन्छ  ?

.......................................................................................................

६. सामाजिक विषयमा सैद्धान्तिक र प्रयोगात्मक परीक्षा छुट्टाछुट्टै हुन्छ कि हुदैन ?

...............................................................................................

**समाप्त**